# नेपाल कम्युनिष्ट पार्टी
# को
# तमाम पार्टी सदस्यहरूलाई अपील

प्रिय काम्रेड्स,

आज हाम्रो देश एक अति भयङ्कर राजनीतिक संकटमा फँसेको छ या राजा महेन्द्रले आतंकको राजा कायम गरी दिएको छ । हाम्रो देशका जनता के गर्ने कसो गर्ने छटपटमा छन् । यसबाट कसरी मुक्त हुने भन्ने कुरालाई लिई नेपाली जनताले बान्हौं वर्ष त्याग, तपस्या र भयङ्कर संघर्ष गरी आफ्नो रगतको खोलो बगाएर ल्याएको प्रजातन्त्रलाई राजा महेन्द्रले एक तरङ्गी लहडमा खत्तम गरी दिएका छन् । जनताको तमाम प्रजातान्त्रिक अधिकार खोसेका छन् । देशका तमाम राजानीतिक पार्टीहरू, जन-वर्गीय सँगठनहरूमाथि प्रतिबन्ध लगाएको छ । खुद हाम्रो पार्टीमाथि पनि प्रतिबन्ध लगाइएको छ ।

यस्तो स्थितिमा हाम्रो अगाडि एउटै मात्र सवाल छ, “हामीले हुकुमशाही राजालाई समर्थन गरी जनतामाथि दमन गर्ने राजाको हात अरू मजबुत पार्ने हो वा राजाको हुकुमी शासन व्यवस्थाको विरोध गरी देशमा फेरी संसदीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना गर्ने हो ?”

हाम्रो अगाडि खडा भएको यस सवाललाई पन्छ्याएर हाम्रो पार्टीका नेताहरू तथा उनीहरूको लह-लहैमा केही कार्यकर्ताहरूले समेत तमाम पार्टी सदस्यहरूको ध्यान गलत दिशातिर मोड्दै छन् । आफ्नो देशमा उत्पन्न भएको राजनीतिक सवाललाई केलाएर कुन कुरो के हो भनी हेर्नुको सट्टा एक गलत सवाल पेश गर्दै छन् । कहीँ सुनिन्छ, “तिमी डा. माझी गुटको हो अथवा का. पुष्पलाल गुटको ?” कहीँ सुनिन्छ, “तिमी डा. माझीको पछि लाग्छौ अथवा का. टि.एल.को ?” आज हाम्रो देशको सवाल के डा. माझीको गुटमा लाग्ने हो वा का. पुष्पलालको पछि लाग्ने हो ? अथवा डा. माझीको पछि लाग्ने हो वा का. टि.एल.को पछि लाग्ने हो ? यी सवालहरू एक गलत तथा अमार्क्सवादी-अलेनिनवादी सवाल हुन् । आज सवाल कसको पक्षमा लाग्ने वा नलाग्ने भन्ने होइन । हाम्रो अगाडिको मुख्य सवाल देशमा कुन व्यवस्था स्थापना गर्ने ? राजाको हुकुमशाही राजालाई नै कायम गर्न दिने हो वा फेरी प्रजातान्त्रिक व्यवस्थाको स्थापना गरी देशलाई अगाडि बढाउने हो ? प्रजातान्त्रिक व्यवस्थालाई स्थापना गर्ने आन्दोलनमा कम्युनिष्ट पार्टीले सक्रिय भूमिका खेली यस आन्दोलनलाई नेतृत्व दिने हो वा निष्क्रिय भएर दर्शकको रूपमा रहने हो ? यी सवालहरूलाई बिर्सी जसले पार्टीलाई कसैको एक गुटको रूपमा सम्झन्छ, त्यसले मार्क्सवाद-लेनिनवादमाथि गद्दारी गर्दछ । हाम्रो पार्टी मार्क्सवाद-लेनिनवादको वरीपरी गठित एक क्रान्तिकारी पार्टी हो र कुनै पनि व्यक्ति कसैको मुख हेरेर पार्टीमा आएको होइन । हामी

सबै पार्टीमा आयौं, किन ? यस पार्टीलाई मित्र-मण्डल ठानेर अथवा पारिवारिक गुट हो भनेर होइन । देशको समस्या समाधान गर्नको निम्ति र देशलाई उत्तरोत्तर प्रगति मार्गमा लैजानको निम्ति हामी पार्टीमा आएका हौं । पार्टीको बिचार एक सामूहिक बिचार हो, पार्टीको काम एक सामूहिक काम हो ।

पार्टीलाई एक व्यक्तिले बिगारेको छ वा एकै जनाको देनले पार्टी चलेको छ भन्नु पनि तथ्यबाट परको कुरो हो र यस्तो बिचार अमार्क्सवादी-अलेनिनवादी बिचार हो । पार्टीभित्र आज जुन गलत रबैया देखिन आयो त्यो खुद पार्टीभित्र लुकेको वर्ग-संघर्षको एक प्रकट रूप मात्र हो । पार्टीभित्र एक थरी, अवश्य यस्तो तत्व एक अल्प संख्यामा वा मात्रामा छन् राजाको समर्थन गरी राजाको हुकुमी व्यवस्थालाई मजबुत पार्ने पक्षमा छन् भने अर्काथरी राजाको हुकुमी व्यवस्थाको विरोध गरी देशमा प्रजातान्त्रिक व्यवस्थाको पुनःस्थापना गर्ने पक्षमा छन् । यी दुबै पक्षको बिचारधारालाई एक जनाले प्रतिनिधित्व गरेको छ भन्ने कुरो पनि गलत कुरो हो । आज अत्याधिक बहुमत पार्टी सदस्यहरू राजाको हुकुमशाही व्यवस्थाको विरोधमा प्रजातान्त्रिक व्यवस्थाको पक्षमा छन् । यो पक्ष पनि कुनै एक व्यक्ति कै देन स्वरूप हुन आएको हो भन्नु एक गैर मार्क्सवादी कुरो हो । हाम्रो पार्टी कम्युनिष्ट पार्टी हो जसको सदस्यहरू प्रजातन्त्रको पक्षमा र तानाशाहीको विपक्षमा हुनु एक स्वाभाविक चीज हो । यसै बीचमा पार्टीभित्र लुकेका अवसरवादी तत्वले ऐन मौकामा पार्टीलाई धोका दिई संघर्षबाट उम्कनको निम्ति राजाको अगाडि आत्म-समर्पण गरी राजालाई सघाउनु पनि एक स्वाभाविक कुरो हो । तसर्थ आज हाम्रो देशको अगाडि आईपरेका समस्या समाधान गर्ने कुरोमा देखिएका दुबै रायलाई व्यक्तिगत स्तरमा लैजानुको सट्टा सैद्धान्तिक स्तरमा पार्टीको आफ्नो समस्याको रूपमा हेर्नु परेको छ । जसले यस कुरोलाई तोडमोड गरी निजी मामलाको रूपमा लैजान्छ त्यसले मार्क्सवाद-लेनिनवाद विपरीतको समझदारी दिई पार्टीको सैद्धान्तिक कुरोलाई व्यक्तिगत झगडाको रूप दिई तमाम पार्टी कार्यकर्ताहरू र जनताको ध्यान अन्त मोड्ने दाउँ खोज्दै छन् भन्ने स्पष्ट हुन आउँछ र यस्तो कारबाही अमार्क्सवादी-अलेनिनवादी कारबाही हो ।

हामीले कसैको व्यक्तिगत मुलाहिजा अथवा व्यक्तिगत रिसइबी र डाह अथवा पक्षपात नगरी मार्क्सवादी-लेनिनवादी सिद्धान्तको आधारमा खुला तथा स्वस्थ दिमागले देशको समस्यालाई हेर्नु परेको छ र यस समस्यालाई समाधान गर्ने बाटो खोज्नु परेको छ । संसारमा कम्युनिष्ट पार्टीको जन्म पनि कसैको स्वार्थ-सिद्धि गर्नको निम्ति भएको होइन । देशमा आई पर्ने अनेक राष्ट्रिय संकटहरूको सामना गरी देशलाई यस्तो संकटबाट बचाउन र अनि खास गरी छिटोभन्दा छिटो पार्टीको नेतृत्वमा स्वतन्त्र राष्ट्रिय प्रजातन्त्र (अर्थात जनवादी प्रजातन्त्र) कायम गरी जनताको मूलभूत समस्याहरूको तत्काल समाधान गरी भविष्यमा समाजवादी समाज स्थापना गर्न र अन्तमा साम्यवादी समाजको स्थापना गर्नको निम्ति नै कम्युनिष्ट पार्टीको जन्म भएको हो ।

तसर्थ सवाल कसको गुटमा लाग्ने अथवा कसको पछि लाग्ने हो भन्ने नभै सवाल हो राजाको तानाशाही हुकुमतको स्थापनाले देशमा एक राजनीतिक संकट उत्पन्न भएको छ वा

छैन ? राजाले देशको राजानीतिक, आर्थिक वा सामाजिक समस्या समाधान गरेको छ अथवा यी समस्याहरूलाई विकराल पारेको छ, जनताको दुःख तकलिफ र आतङ्क बढ्न गएको छ अथवा जनताको सुख, सुविधा बढ्न गएको छ भन्ने हो । राजाको यस हुकुमी शासनमा जनताको अधिकार खोसिएको छ अथवा जनताको अधिकार सुरक्षित भएको छ । अनि राजाको यस कारबाहीले जनवादी प्रजातन्त्रको स्थापना गरी समाजवाद स्थापना गर्न बाटो खोलेको छ अथवा उल्टै प्रजातन्त्र व्यवस्था खत्तम गरी जनवादी प्रजातन्त्रलाई असम्भव पारेको छ ?

यी आम सवालहरूलाई पन्छाएर कसको गुटमा लाग्ने, कसको पछि लाग्ने ? भन्ने सवाल राख्नु देशको समस्यालाई व्यक्तिगत समस्याको रूप दिनु एक अशोभनीय अमार्क्सवादी-अलेनिनवादी तरिका हो । देशको वस्तुस्थितिको अध्ययन गरी त्यस स्थितिमा देखा परेका राजानीतिक समस्या समाधान गर्नु नै आजको हाम्रो परम कर्तव्य हो । तसर्थ कामरेडहरू कसको गुट ? कसको पक्ष ? आदि जस्तो अमार्क्सवादी-अलेनिनवादी तौर तरिकाबाट सावधान भई देशको समस्यामाथि हामीले सोच्नु परेको छ । व्यक्तिगत प्रभाव अथवा व्यक्तिगत वैमनस्य दुबै कुरोबाट मुक्त रहेर नै हामीले स्वस्थ तरिकाले समस्यालाई समाधान गर्न सक्ने छौं । यही हाम्रो मार्क्सवादी तरिका पनि हो ।

राजाको हुकुमी शासनको विरोधमा देशमा प्रजातान्त्रिक व्यवस्था स्थापना गर्ने कुरामा हामी एक भयौं भनेर अब पार्टी सबै कुराहरू सुल्झि सके भन्ने सवाल होइन । अझ पनि आँखा खोलेर पार्टीभित्र देखा पर्ने विभिन्न समस्याहरूमाथि सजग रहेर बराबर यस्तो समस्याहरू मार्क्सवादी सिद्धान्तको आधारमा स्वस्थ तरिकाले अरू पनि कसैको व्यक्तिगत प्रभाव अथवा कसैमाथि वैमनस्य राखेर छानबिन गर्दै सुल्झाउने बानी बसाएर नै हाम्रो पार्टी उत्तरोत्तर ठोस भएर जाने छ । सैद्धान्तिक कुरोहरूमा बराबर मतभेद उत्पन्न हुन सक्दछन् । यस्तो मतभेदबाट घबराउने सवाल पनि उठ्दैन । यस्तो मतमतान्तरलाई स्वस्थ रूपले सोची सम्झी छलफल गरी निर्णयमा पुग्नु नै हाम्रो कर्तव्य हुन आउँछ । जिउँदो पार्टीमा सैद्धान्तिक मतमतान्तर उत्पन्न हुनु स्वाभाविक हो र यस्तो मतमतान्तरहरू माथि बिना पक्षपात, बिना भेद्भाव सोची, सम्झी, बिचार गरी निष्कर्षमा पुग्नु हाम्रो कर्तव्य हो । पार्टीभित्र स्वस्थ तरिकाले बिचार गर्ने शक्तिको विकासको निम्ति पार्टीभित्र भाईचारावाद, मित्र-मण्डल अथवा पारिवारिक गुट आदि गैर-सैद्धान्तिक सम्बन्धहरू देखि सावधानीका साथ अलग रहनु अति आवश्यक कुरा हुन् । भाईचारवाद, मित्र-मण्डल अथवा पारिवारिक गुटवाला अफवाहले नै कहिले काहीँ पार्टीभित्रका साथीहरूको मगजमा ताल्चा लाई दिने गर्दछ । हाम्रो पार्टी यस्तो अफवाहबाट मुक्त थियो भने र भन्न सकिन्न तर कम से कम अब हामीले यस्तो कुरोहरू देखि सजग रही पार्टीभित्र स्वस्थ तरिकाले सोच-बिचार गर्ने परम्परालाई बसाल्नु परेको छ ।

यी कुराहरूलाई ध्यानमा राखी हामी आफ्नो देशको समस्याहरूमाथि बिचार गरौं । यी समस्याहरूको सामना गर्न हाम्रो पार्टीले आफ्नो जिम्मेदारी निभायो वा निभाएन र निभाउन नसकेको भए के कारण पर्न गयो आदि कुरोमा सोचौं ।

## राजाको हुकुमी शासन र जनजीवनमा यसको राजनीतिक, आर्थिक र सामाजिक असर :-

केन्द्रमा राजाको हुकुमी शासन के खडा हुन पाउँथ्यो कि गाउँ घरमा सामन्त, जाली फटाहा, पुलिस र फौजको मनोमानी हुकुमत चल्न लागेको छ । जनताले जमिन पाउनु, ऋणबाट मुक्त हुन र सामन्ती थिचोमिचोबाट मुक्त हुन त परै रहोस् किसानहरूले युग-युग देखि कमाउँदै आएको खेतमा पनि आफ्नो मोहियानी दर्ता गराउन सकेन । किसानहरूको खेत व्यापक ढङ्गले बेदखली हुँदैछ । ठाउँ-ठाउँमा किसानहरूको ऋणमा ब्याजको दर बढेर डेढ गुणा हुन लागेको छ । बेठ, बेगारी, बिना तलब ज्याला जबर्जस्ति काम लिने प्रथा फेरी चल्न लागेको छ । सामन्तहरूको अगाडि आत्मसमर्पण नगर्ने किसानहरूमाथि मारपिट धर-पकड हुन थालेको छ । सामन्त, जाली, फटाहा, पुलिस आदिले सर्वसाधारण जनतामाथि जुन बेला चाहियो त्यसबेला बिना सित्तै राजनीतिक आरोप लगाएर थुन्ने र थुनाउने अधिकार पाएको छ । न्याय इन्साफ मेटिएर जाँदैछ । कुन बेला कसमाथि के आरोप लगाएर सताउने हो, शोषण र दमनको बाटो निकाल्ने हो कसैले भन्न सक्दैन । तमाम जनताको जिउ, धन, सर्वश्व इज्जत आबरुको कुनै सुरक्षा छैन । यस हुकुमशाही अधिकारले गर्दा कसको धन-सम्पत्ति कहिले लिने हो, कसको छोरीबेटी माथि कहिले बलात्कार गर्ने हो । सामन्त जाली फटाहा, पुलिस तथा फौजको मनोमानी बाँया हातको खेल भएको छ । आफ्नो माइत जान लागेको महिलाहरूलाई बाटैमा गाडा रोकी बलात्कार गर्ने, किन हो कुन्नी दिनभरी रोक्ने काम भएको छ, अर्काको घर गई अर्काको छोरीबेटीलाई बोलाएर हातपात गर्ने, अर्काको जहानमाथि हातपात गरी इज्जत बर्वाद गर्ने काम राजा महेन्द्रको पुलिस, सिपाही र फौजबाट ठाउँ ठाउँमा भएको छ । घरमा सुतिरहेको लोग्ने स्वास्नीलाई उठाएर स्वास्नीको अगाडि लोग्नेलाई बाँधेर गोलीले उडाउने खेल राजा महेन्द्रले खेल्न थालेको छ ।

कसैको खुट्टा भाँच्नु, हात काट्नु, नदीमा चोपलेर मार्नु आदि अमानुषिक आतङ्क राजा महेन्द्रको फौजले गरेको छ । राजा महेन्द्रको हुकुम चलेदेखि यस देशमा फाँशिष्टवादी राक्षसी हर्कत नै हुन थालेको छ ।

राजा महेन्द्रको राजामा भ्रष्टाचार चरम सीमामा पुगेको छ । बिनाकारण गाउँका किसानहरूको गाडाहरू बोलाउन पठाएर हरेकसँग रु. १००/- जम्मा गराई ५६ गाडाको रु. ५६ सय जम्मा गराउनु हो । यसै रुपैयाँ मध्ये ११०० सय कट्टा गरी रामपुर थानाको हवलदार हरिनारायणले पचाउनु अनि थानाको मद्दत लिई तमाम गाडाहरू लिलाम गर्न पठाउनु र ती गाडाहरू थानामा पुग्नुभन्दा अगावै बाटैमा ती गाडाका बैलहरू गाडाबाट झिकी रु. १०००/- मोल पर्ने छ भने रु. ८००/- मा नै बेची तिनीहरूको बदला गाउँहरूबाट सस्तो दुब्लो बैलहरू जबर्जस्ति किनेर ल्याई भर्ना राखी संख्या पुऱ्याउनु अनि त्यस गाडाहरूको असल मजबुत नयाँ पाँग्राहरू समेत बाटैमा बेची ती पाँग्राहरूको बदला पुरानो थोत्रो सस्तो पाँग्राहरू भनी राखी २० औं हजार रुपैयाँ कमाउनु र यी तमाम अन्याय र अत्याचार गरी जनतामा हाहाकार मच्चिँदा पनि कसैले बोल्नसम्म पनि नपाउनु यो कस्तो अन्याय, अत्याचार र अन्धकारको राजा हो । "अँधेर नगरी चौपटा राजा" भन्ने उखानलाई राजा महेन्द्र आफ्नो देशमा आज चरितार्थ गर्दैछ । यस अन्याय, अत्याचार र भ्रष्टाचारको

बाबजुत राजा महेन्द्र आफ्नो देशमा शान्ति र सुरक्षा छ भन्नेको सवाल गर्दै छन् । राजा आउँदैन, देवता बोल्दैन, जनताले बोल्न पाउँदैन, अनि अन्यायलाई रोक्ने को ? यी सब अन्याय, अत्याचार कसको चलते भईरहेको छ ? यसको जिम्मेदार को ? देशमा राजा महेन्द्रको हुकुमी शासन नभएको भए जनतामाथि यस्तो अन्याय गरेर पचाउने को ?

राजा महेन्द्रको हुकुमी शासनले सामन्तहरू, पुलिस, सी.आई.डी. फौज तथा जाली फटाहहरूको कारण शोषण, दमन र अत्याचार व्यापक रूपले फैलिँदै छ । यदि जनताको वोल्ने, लेख्ने, सँगठन गर्ने, अन्यायको विरुद्ध संघर्ष गर्ने तमाम प्रजातान्त्रिक अधिकार नखोसेको भए के यी कामहरू पुलिस, फौज, सी.आई.डी., सामन्त र जाली फटाहरूले गर्न सक्ने थियो ? प्रजातान्त्रिक व्यवस्थामा यस्तो कारबाही भएमा जनता सँगठित भएर संघर्षमा उत्रिन्थ्यो र शोषकहरू, अत्याचारीहरूलाई पानी देखाई दिन्थ्यो । अनि के राजा महेन्द्रले जनताको जनसंघर्ष तथा वर्ग संघर्षलाई रोक लगाई जनताको भलो गरे त ? राजा महेन्द्रले यी तमाम जनताको जीवन बर्बाद गरी शोषक सामन्त तथा अत्याचारीहरूको स्वार्थ रक्षा गरेको छ ।

यस बाहेक राजा महेन्द्र देशमा आफ्नो तानाशाही जन-वर्ग सँगठनको निर्माण गर्दैछ र पञ्चायती प्रजातन्त्रको स्थापना गर्दैछ । आखिर यो पञ्चायती प्रजातन्त्र के हो ? राजाको हुकुमी शासन व्यवस्थाको यो एक पर्दा मात्र हो । ग्राम पञ्चायतको चुनाव हुन्छ खुलेआम हात उठाएर । न प्रचारको अधिकार, न बहस र छलफलको अधिकार न जनता मिली एक राय सल्लाह गरी छलफल गरी कसलाई खडा गरे ठीक होला भनी बिचार गर्ने अधिकार । उम्मेदवार खडा गर्ने आखिरी दिन हुन्छ जनतालाई थाहा पनि दिइन्न कि अब चुनाव हुँदैछ । अर्कातिर सामन्तहरू जाली फटाहाहरूले सबै खबर पाएका हुन्छन् र सबै कुरो मिलाई सकेका हुन्छन् । जहाँ जनताको बोल्ने, लेख्ने सभा-सँगठनको अधिकार हुँदैन जनताको राजनीतिक चेतना खत्तम भएर जानु स्वाभाविक हो, अनि खुलेआम हात उठाएर चुनाव गर्दा कसले बढता भोट पाउँछ त्यो पनि स्पष्ट छ । जहाँ पार्टीको पुरानो कामले गर्दा पार्टी चेतना तगडा छ त्यहाँका जनताले भले ही एक आध जना प्रजातान्त्रिक तत्वलाई चुनोस् तर बहुसंख्यक जनता जो सामन्ती शोषण र दमनको चपेटामा छन्, जस्तो कर्जा नदिए खान पाउँदैन, खेत बेदखली गरे जहान बच्चा भोकभोकै मर्दछन्, त्यस सामन्तको विरोधमा खुलेआम गई विरोध गरी भोट नदिने हिम्मत कति किसानहरूमा होला ? निश्चय पनि यो सामन्ती दमनको प्रभावबाट धेरै जसो किसानहरू मुक्त हुन पनि सक्दैनन् । अनि गाउँ पिच्छे ग्राम पञ्चायत बहुसंख्यक सामन्तहरू, जाली, फटाहाहरू र राजाको दलालहरू आउन सिबाय अरूको आउन सक्ला ? यस्तो ग्राम पञ्चायतबाट चुनेको जिल्ला पञ्चायतमा सामन्ती जाली फटाह र राजाको दलालहरू सिबाय अरू को आउँला ? अञ्चल पञ्चायत पुग्दा नपुग्दा सामन्तहरू जाली फटाहाहरू र राजाको दलालहरूको जमघट सिबाय अरू को होला ? अनि राष्ट्रिय पञ्चायतमा त निखारिएका प्रतिक्रियावादी सामन्ती तत्व, जाली फटाहाहरू र राजाका पेशेवर दलालहरूको जमघट मात्र हुनेछ । कदाचित जनताको पक्ष लिने र लिन चाहने कुनै तत्व ग्राम पञ्चायत चुनेरै गए पनि बहुसंख्या ग्राम पञ्चायतहरूमा सामन्तीहरूकै बोलवाला हुँदा यस्तो तत्वहरू माथिल्लो तहका पञ्चायतहरूमा पुग्नु सियोको

प्वालबाट ऊँट पस्नु जत्तिकै असम्भव भई जानेछ र यस्ता तत्वहरू कुनै कमिटीमा भए पनि यिनीहरूको आवाज लालकिला भित्र बहादुर शाहको आवाज भन्दा कुनै बढी महत्वको हुँदैन । ज्याँदै चाईपुई गर्न थालेको खण्डमा यस्ता तत्वहरूको निम्ति जनताले चुनेको मन्त्रीमण्डल र संसद्लाई समेत खान सक्ने राजाको हुकुमी तानाशाही शक्ति र सुरक्षा कानुनहरू बखत सेवामा हाजिरै रहने छन् ।

अनि आफ्नो हुकुमी शासनको जग अझ मजबुत र व्यापक बनाउनको निम्ति राजा महेन्द्र देशमा शाही जन-वर्गीय सँगठनको गठन गर्दैछन् । यस्तो जन-वर्गीय सँगठन जसको आधार सामन्तवादी राजा हो, जसको नेतृत्व राजाले गर्दै छ के त्यस जन-वर्ग सँगठनले जनताको कुनै समस्या समाधान गर्न सक्नेछ ? हरेक सँगठनको आफ्नो वर्ग आधार, वर्ग नेतृत्व र वर्ग चरित्र हुन्छ । राजाको शाही वर्ग सँगठनको वर्ग आधार के हो त ? जब त्यस सँगठनको आधार राजा हो भने सामन्तवादको प्रतिनिधित्व गर्ने राजाको आधारमा गठन भएको वर्ग सँगठनको वर्ग आधार सामन्तवर्ग नै हो । राजा खुद सामन्तवादको प्रतिक हो अनि राजाको नेतृत्वमा गठित वर्ग-सँगठनको वर्ग नेतृत्व सामन्तवर्गकै नेतृत्व हो र यसै निम्ति यस्तो शाही जन-वर्ग सँगठनको वर्ग चरित्र पनि सामन्ती वर्ग चरित्र हो र यस्तो जन-वर्ग सँगठन जसको आधार राजा हो, जसको नेतृत्व राजाले गर्दैछ भने त्यस जन-वर्ग सँगठनले राजाको हुकुम तामेल गर्ने सिबाय यी अरू कुनै काम गर्न सक्ने छैन । कुनै पनि प्रजातान्त्रिक या प्रगतिशील तत्व त्यस जन-वर्ग सँगठनमा घुस्दछन् भने यस्तो प्रजातान्त्रिक तथा प्रगतिशील तत्व तथा समय राजाले त्यस सँगठनबाट दूधको माखो फ्याँके झँ फ्याक्न सक्दछ ।

एक सवाल उठ्छ, “राजाले कसको वर्ग स्वार्थको प्रतिनिधित्व गर्दैछ ?” आजसम्मको राजाको कारबाहीले गाउँ घरमा सामन्ती वर्ग स्वार्थको रक्षा भएको छ वा मेहनतकश किसान जनताको ? बेदखली, बेठ, बेगारी, बढी ब्याज, बिना ज्याला मजदूरी काम आदिले कसको वर्ग स्वार्थको पूर्ति गरेको छ । संसदीय व्यवस्थाअन्तर्गत २५ बिघाभन्दा बढी जमिनमा बढ्दो दरको ट्याक्सले सामन्तहरूको स्वार्थमा धक्का पुगेको थियो । यस ट्याक्सलाई खत्तम गरी तमाम जनतामाथि एकै दरले पहाडमा १० प्रतिशत र मधेशमा २५ प्रतिशत मालपोत बढाएको छ भने सामन्तहरूमाथिको बोझ घटाएर र जन साधारणमाथि लादियो वा लादिएन ? यसले के सामन्तहरूको स्वार्थ रक्षा गरी उनीहरूमाथिको बोझ जनतामा लादेपछि राजा सामन्त वर्गको पक्षपाति र जन-विरोधी साबित गर्दैनन् ? यी तमाम कुराहरू देख्दादेख्दै राजाबाट भूमि सुधारको आशा गर्नु साँढेबाट दूधको आशा गर्नु हो । स्पष्ट छ राजाले सामन्ती वर्ग स्वार्थको प्रतिनिधित्व गरेको छ ।

यस बाहेक राजाले आफ्नो साँठ गाँठ साम्राज्यवादीहरू तथा एकाधिकार पूँजीपति वर्गसँग बढाउँदै छ । आफ्नो पौष २२ को घोषणा पत्रमा राजा महेन्द्रले बिदेशी पूँजीलाई स्वागत गरेको छ र भारतको एकाधिकार पूँजीपति वर्गको स्वार्थको प्रतिनिधित्व गर्ने बिडलाजीलाई राजा महेन्द्रले बीरगञ्जमा कटन मिल्स खोल्न दिने भएको छ ।

आफूलाई भारत विरोधी हुँ, राष्ट्रवादी हुँ भनी धाक लाउने राजाले बिडलालाई कटन मिल खोलाएर के गर्दैछ ? एकाधिकार पूँजीपति वर्ग यस्तो एक-आध वटा कारखानाले मात्र कदापि सन्तुष्ट हुने छैन र नेपालको तमाम कल-कारखानालाई कब्जा गरी नेपालको आर्थिक व्यवस्थामा कब्जा गर्नु नै यस्तो एकाधिकार पूँजीपति वर्गको काम हुनेछ । नेपालको साना-तिना कल-कारखाना यस्तो एकाधिकार पूँजीको छाँयामा कहिँल्यै हुर्कन पाउँदैन बरु भएको कल-कारखानाहरू पनि यस्तो पूँजीपति वर्गको अनेक तिकडम र होडमा टिक्न नसकी दिवालिया भई बन्द भएर जान्छ अथवा यस्तो एकाधिकार पूँजीपति वर्गको अगाडि आत्म-समपर्ण गरी सारा कल-कारखाना सुम्पेर आफू पन्छिनु पर्नेछ । अनि यस्तै एकाधिकार पूँजीपति वर्गको होडमा देशको व्यापारीक पूँजीपति वर्गसमेत आफ्नो दुकान बन्द गरी भाग्नु पर्नेछ । साम्राज्यवादी तथा एकाधिकार पूँजीपति वर्ग कल-कारखाना र व्यापारमा कब्जा गर्नका साथै खेतमा पनि कब्जा जमाउने छ कारण, कल-कारखाना खोल्न, कच्चा माल पैदा गर्न र चियाबगान, उखु बगान, सनपाटको बगान, फलफूल बगान आदि खोल्नलाई यी पूँजीपति वर्गलाई जमिनको आवश्यकता पर्दछ र यसै निम्ति कब्जा पनि गर्नेछन् र हाम्रो देश काङ्गो, ब्रिटिश गायना, मलाया, ग्वाटेमाला आदि झैँ अर्काको कब्जामा बसी आफ्नै मुलुकमा हाम्रो देशमा जनता गरिबी र बेकारीको शिकार भई दर्द र ठक्कर खाएर बर्बाद हुनु पर्नेछ । राजा महेन्द्रको राष्ट्रवादिताको यही प्रमाण हो ?

स्पष्ट छ, राजा महेन्द्र भारतको एकाधिकार पूँजीपति वर्गको विरोधी छैन, नत्र प्रतिक्रियावादी साम्प्रदायिक पार्टीहरूको विरोधी नै छ । बरु राजा महेन्द्रले यस्तो साम्प्रदायिक पार्टीहरूको सफलताको निम्ति २० सौं लाख रुपैयाँ खन्याएको छ । राजा महेन्द्र भारत विरोधी होइन भारतको प्रजातन्त्र विरोधी हो र भारतमा पनि पाकिस्तानमा झैँ हुकुमी शासन कायम भएमा राजालाई हर्षको पारावार हुने छैन र अनि यस्तो हुकुमी शासकको ताबेदारीमा खुशी साथ हाजीर हुनेछ । स्पष्ट छ राजाको भारत विरोधी राष्ट्रिवादिता एक बिडम्बना मात्र हो ।

भारतको बिडलाजीलाई मात्र राजाले देशमा घुस्न दिएको होइन ब्रिटिश साम्राज्यवादीहरूलाई पनि बढी से बढी मात्रामा सहुलियत दिएको छ । अंग्रेज साम्प्रदायवादीको साम्राज्यको रक्षा गर्न राजा महेन्द्र धरानमा फौजी भर्ती केन्द्र खोली आफ्नो देशको सन्तानको रगत बेच्दैछन् । सो भर्ती केन्द्रमा बढी से बढी सहुलियत दिई अंग्रेज साम्राज्यवादको एक उपनिवेशको रूप दिँदै छन् । यो भर्ती केन्द्र फौजी अखडा बन्नको साथै साम्राज्यवादीहरूको व्यापार केन्द्र पनि हुँदैछन् । जसको होडमा धरानको स्थानीय व्यापार चौपट भएर जाँदैछ र चारैतिरको मालसामान खिचिएर तमाम बस्तु भाउको दर बढेर आकाश मार्गमा चढ्दैछ ।

यस बाहेक राजा महेन्द्रले १० हजार फौज बेलायतमा नाटोको कमाण्डमा राख्न दिएको हो । त्यस फौजलाई नेपालमा ल्याएर प्रजातन्त्रको विरोधमा लडाउने योजना बनाउँदैछन् । यी तमाम कारबाहीहरूको बाबजुत पनि के राजाको साम्राज्यवादीहरूसँगको साँठगाँठलाई स्पष्ट गर्दैन ।

यस बाहेक राजा महेन्द्र साम्राज्यवादको एक मजबुत खम्बा हुकुमशाही पाकिस्तानसँग आफ्नो साँठगाँठ बढाउन लागेका छन् । पाकिस्तानको हुकुमी शासनले प्रेरित भएर नै राजा महेन्द्रले नेपालमा यो हुकुमी शासन खडा गरेको हो भन्ने कुरा स्वयं राजा महेन्द्र आफ्नो पाकिस्तान भ्रमणको दौरानमा व्यक्त गरेको कुरा हो । राजा महेन्द्र हुकुमशाही पाकिस्तानलाई आफ्नो परम मित्र सम्भन्छन् र पाकिस्तानद्वारा आफ्नो देशलाई "सीटोको" अनौपचारिक सदस्य बनाउन पाएमा राजा महेन्द्र आफूलाई धन्य नै सम्भने छन् ।

राजा महेन्द्रका यी तमाम कारबाहीहरूले के हाम्रो देश जनवादी प्रजातन्त्रतिर लैजाँदै छन् अथवा के यिनै कामले समाजवादको बाटो खोलेको छ ? राजाका यी कारबाहीहरूले के हाम्रो देशमा मार्क्सवादी लेनिनवादी सिद्धान्त प्रसार गर्ने, मेहनतकश जनताको वर्ग चेतना र वर्ग संघर्ष गर्ने मौका दिए ? राजाको यस हुकुमी शासनअन्तर्गत के हाम्रो पार्टीले एक इञ्च पनि अगाडि बढ्न मौका पायो ? अथवा के यसै हुकुमी शासनले जनतालाई कुनै सहुलियत दिए ? राजाको यस हुकुमी शासनमा किसानहरू तथा अन्य मेहनतकश जनताको धाक रवाफ बढेको छ अथवा शोषक, सामन्त, जाली फटाहहरूको ? पुलिस, सी.आई.डी. तथा फौजको जोरजुल्म र दमन बढेको छ अथवा घटेको छ ? अनि कुन मानेमा राजा महेन्द्रलाई राष्ट्रवादी भन्ने हो अथवा प्रगतिशील भन्ने हो ?

राजाको हुकुमी शासनबाट आतंकीत भएका आत्म-समपर्णवादीहरू भन्दछन्, 'राजाले काठमाडौं उपत्यकामा तिरो एक तिहाई गर्ने घोषणा गरेको छ । राजाको यो कार्यमा के व्यावहारमा लागू भयो त ? जुन किसानहरूले राजाको यस घोषणालाई स्वागत गरी व्यावहारमा लागू बिचार गरेका थिए तिनीहरूमाथि वारेण्ट पूर्जी काटेको छ र तिनीहरू मध्ये पक्रन सकेकालाई आजसम्म जेल यातना दिईराखेकै छ । अनि किन राजाले यस्तो कुरा आफ्नो मन्त्रीबाट रेडियोबाट फुक्न लगाए त ? राजाको उद्देश्य हो यो कुरा गरी एकातिर किसानलाई उक्साई, अर्कातिर यसलाई व्यावहारमा लागू गर्न किसानलाई सँगठित हुने मौका नदिई किसान र उपत्यकाका तलसिं (जमिनको मालिक) को बीचमा व्यक्तिगत रिसइबी संघर्ष उठाएर व्यक्तिगत भगडा मच्चाउन लगाए । उपत्यकाका तलसिंहरूले अवश्य पनि कम तिरो लिन मान्ने छैन किसानले भने राजाले भनेको भनी बेठीक तिरो तिर्न मान्ने छैनन् । यसरी व्यापक रूपले किसानहरू तथा शहरीया मध्यम गरिब वर्गको बीचमा संघर्ष गराई फुट र वैमनुष्य पैदा गराई उपत्यकाका यी दुबै क्रान्तिकारी वर्गहरूको बीच आपसी संघर्ष भएका उपत्यकाका क्रान्तिकारी शक्तिमा फुट भई एक दोश्रोको विरोधी भई दुबै शक्तिले कदापि शीर उठाउन पाउँने छैन । यसरी ती मागको नारा क्रान्तिकारी शक्तिमा फुट मच्चाउने राजाको चालबाजी मात्र हो । अनि राजा प्रगतिशील कुन मानेमा ?

अनि राजावादीहरू राजाको प्रगतिशीलताको प्रमाणमा ल्हासा-काठमाडौं सडक र चीन नेपाल सीमा सन्धिलाई पेश गर्दछन् । ल्हासा-काठमाडौं सडक तथा चीन नेपाल सीमा सन्धिलाई स्वागत नगर्ने कुन देश भक्त होला ? यस्तो सीमा सन्धि र यस्तो व्यापारिक मार्गहरू हामी सबैलाई स्वागत छ यसको सफलताको हामी कामना पनि गर्दछौं । राजाले

नगरेमा हामी आफैंले पनि यस्तो १० वटा सडक बनाउने पनि छौं तर राजाको यत्तिकै कामले राजाको तमाम अन्याय, अत्याचार र अपराधलाई बिर्सी राजाको अगाडि आत्म-समर्पण गर्ने ? कुनै पनि सरकारले यस्तो एक-आध वटा काम गर्न करै लाग्दछ । अनि के यत्तिकैले राजा प्रगतिशील साबित भए त ? कुनै पनि सरकारको चरित्रलाई बिचार गर्दा त्यस सरकारले गरेको एकाध वटा कामलाई हेरेर नै निर्णयमा पुग्न सकिँदैन । त्यस सरकारको सम्पूर्ण कामलाई हेर्नु पर्दछ त्यस सरकारको वर्ग आधारमा र वर्ग चरित्रलाई हेर्नु पर्दछ । सन् १९३९ मा तानाशाही हिटलरले सोभियत रूससँग अनाक्रमण सन्धि (Non aggression pact) गरेका थिए । के यत्तिकैले हिटलरको तानाशाही चरित्रलाई बद्लियो ? के रूससँग अनाक्रमण सन्धिले गर्दा हिटलरले मजदूर वर्गलाई, मेहनतकश जनतालाई कुनै सहुलियत दिए ? के हिटलरले कम्युनिष्ट पार्टीलाई बढाउन दिए ? के खुद सोभियत रूसमाथि तानाशाही हिटलरले ऐन मौकामा हमला गर्न पुगेन ?

पछि जब हिटलरसँग लड्नु पऱ्यो अमेरिका र सोभियत रूसको मित्रता सन्धि (Alliance) भए । तर के यसले साम्राज्यवादी अमेरिकी सरकारको चरित्रलाई बद्लियो ? त्यसबेलाको अमेरिकी कम्युनिष्ट पार्टीको नेता ब्राउडरले भन्ठानेका थिए कि अब त सजिलैसँग अमेरिकामा कम्युनिष्ट पावरमा आउँदछन् । यस सम्झौता परस्त पार्टी बिसर्जनवादी नीतिको आखिर परिणाम के भो ? के रूससँग मित्रता सम्झौता भो भन्दैमा साम्राज्यवादी अमेरिकी सरकारले कम्युनिष्ट पार्टीलाई बढाउन दियो ? त्यसबेलाको कम्युनिष्ट नेता ब्राउडरको यस बिसर्जनवादी नीतिको देन हो कि आजसम्म अमेरिकामा कम्युनिष्ट पार्टीले टाउको उठाउन सकिरहेको छैन ।

अनि ल्हासा-काठमाडौं सडक निर्माण र चीनसँग सीमा सम्झौता भयो भन्दैमा तानाशाही राजा महेन्द्रले मेहनतकश जनताको तागतलाई नेपालमा बढाउन दिने छ अथवा कम्युनिष्ट पार्टीलाई बढाउन दिने छ अथवा आफू खुशीले सामन्तवादी व्यवस्थालाई खत्तम गर्नेछ ? राजा महेन्द्रको पाकिस्तानसँग साँठगाँठ, भारतसँगको साम्प्रदायिक तथा प्रतिक्रियावादी पार्टीहरूसँगको साँठगाँठ, भारतका एकाधिकार पूँजीपतिहरूसँगको साँठगाँठ, हुकुमी पाकिस्तानसँगको साँठगाँठ, बेलायती साम्राज्यवादसँगको साँठगाँठ आदिले राजा महेन्द्र के दाउ खेल्दैछ भन्ने कुरा स्पष्ट छ । यस्तो तानाशाही व्यवस्था हाम्रो देशको मेहनतकश जनताको निम्ति मात्र होइन अन्तर्राष्ट्रिय राजानीतिमा पनि एक खतरा नै साबित हुनेछ ।

यस राजा महेन्द्रको हुकुमी शासनलाई समर्थन गरी देश दुनियाँलाई बर्बाद गर्न राजा महेन्द्रलाई समर्थन गर्ने हो वा यस हुकुमी शासनको विरोधमा संघर्ष गरी देशमा जनताको प्रजातान्त्रिक व्यवस्था स्थापना गर्ने हो ?

**प्रजातान्त्रिक व्यवस्थामाथिको हमला कम्युनिष्ट पार्टीमाथिको पनि हमला हो :-**

प्रजातान्त्रिक व्यवस्थाअन्तर्गत नेपाल कम्युनिष्ट पार्टी खुद दिन दुना र रात चौगुणा बढ्न लागेको थियो । पार्टीको सँगठनले व्यापकता लिएर गईराखेको थियो ठाउँ-ठाउँको

स्थानीय चुनावमा कम्युनिष्ट पार्टी विजय हासिल गर्दै अगाडि बढ्न लागेको थियो । मेहनतकश जनताले आफ्नो पार्टी कम्युनिष्ट पार्टीलाई चिन्न लागेका थिए ।

निश्चय पनि यो अवधि भित्र देशमा प्रजातन्त्रको स्वरूप पूँजीवादी प्रजातन्त्र थियो जुन प्रजातन्त्रले जनताको मूल समस्याहरू हल गरी जनतालाई एक नयाँ जीवन दिन सकेको थिएन र जुन प्रजातन्त्रमा अनेकौं कमजोरीहरू थिए तर कसलाई र कुन पार्टीलाई सरकार बनाउने हो भन्ने अधिकार जनताको हातमा रहन जाँदा यसपाली पूँजीवादी पार्टी सरकारमा भयो भन्दैमा अर्को पाली पनि पूँजीवादी पार्टी नै सरकारमा रहनु पर्ने कुनै जरुरत थिएन । जनतालाई व्यापक चेतना दिई जनताको व्यापक सँगठन बनाएर कम्युनिष्ट पार्टीले अन्य क्रान्तिकारी वर्ग तथा प्रजातान्त्रिक पार्टीहरूसँग संयुक्त मोर्चा बनाएर संसद् बहुमत प्राप्त गरी जनताको क्रान्तिकारी तागतमाथि भरोसा गरी यस संसद्लाई पूँजीपति वर्गको स्वार्थ साधन गर्ने यन्त्रको सट्टा राष्ट्रका तमाम मेहनतकश जनता र क्रान्तिकारी वर्गहरू मजदूर, किसान, क्रान्तिकारी बुद्धिजीविहरू, शहरीया मध्यम वर्ग, राष्ट्रिय पूँजीपति वर्ग समेतको स्वार्थ साधन गर्ने यन्त्रमा परिणत गर्न सकिन्थ्यो । संसद्को वर्ग चरित्र पूँजीवादी वर्ग चरित्रबाट बदलिएर जनवादी वर्ग चरित्रमा परिणत गर्न सकिन्थ्यो । पूँजीवादी प्रजातन्त्रअन्तर्गत नै भएर पनि पूँजीवादीहरूको थिचोमिचो र आतंकको बाबजुत यो सम्भावना झन्झन् बढ्दै गईराखेको थियो । कम्युनिष्ट पार्टीको सँगठनले व्यापक रूप लिनुको साथै ठाउँ-ठाउँमा बेला-बेलामा कम्युनिष्ट पार्टीको नेतृत्वमा भएका संघर्षहरू खुद काठमाडौंमा कम्युनिष्ट पार्टीको नेतृत्वमा ४० औँ हजारको विशाल जुलुस ठाउँ-ठाउँको स्थानीय चुनावमा कम्युनिष्ट पार्टीको जित आदि सबै प्रजातान्त्रिक व्यवस्थाअन्तर्गत कम्युनिष्ट पार्टीको बढ्दो तागतको लक्षण थियो । कम्युनिष्ट पार्टी एक वैकल्पिक पार्टी (Alternativce Party) को रूपमा विकसित भईरहेको थियो ।

यसले गर्दा साम्राज्यवादीहरू, प्रतिक्रियावादीहरू सामन्तहरू र खुद राजा आतङ्कित हुन थालेको थियो । कम्युनिष्ट पार्टी मजबुत होस् र देशमा जनवादी सरकार कायम होस् भन्ने कुरो राजालाई कदापि पनि मान्य हुने छैन । नरहे बाँस, नबजे बाँसुरी, न प्रजातन्त्रनै होस् न जनवादी प्रजातन्त्र नै कायम हुने मौका पाइयो । यसै उद्देश्यले प्रेरित भई राजाले प्रजातान्त्रिक व्यवस्थालाई नै खत्तम गरेको हो । राजाले नेपाली कांग्रेसमाथि आरोप लगाए तर प्रहार गरे प्रजातान्त्रिक व्यवस्थामाथि, खोसे तमाम जनताको मौलिक अधिकार अनि प्रतिबन्ध लगाए नेपाल कम्युनिष्ट पार्टी र जनताका जनवर्ग सँगठनहरूमाथि पनि । नेपाली कांग्रेसमाथि नाताबाद, क्रिपावाद, भ्रष्टाचारको आरोप लगाइए यसबारे या त मुकदमा जलाउनु पर्ने हो अथवा यसको इन्साफ गराउन जनतालाई अर्को आम चुनाव गराउनु पर्ने हो तर राजाले न त आफैँले मुकदमा चलाए न त यसको इन्साफ गर्न मौका जनतालाई दिए । बरु जनताको मौलिक अधिकार खोसे र कम्युनिष्ट पार्टीमाथि प्रतिबन्ध लगाए । के तमाम जनताले अथवा कम्युनिष्ट पार्टीले पनि नाताबाद, क्रिपावाद र भ्रष्टाचारको काम गरे ? अनि कम्युनिष्ट पार्टीमाथि प्रतिबन्ध र जनताको मौलिक अधिकार खोसेको किन ? राजाको यस हुकुमी राजामा के नाताबाद, क्रिपावाद र भ्रष्टाचार खत्तम भयो त ? राजाको यस हुकुमी राजामा जनताका समस्या के कत्ति हल भए त ? राजाको यस हुकुमी राजामा

जनताको समस्या हल हुन त परै जाओस् देशमा भईरहेको दुई चार आना काम पनि बन्द हुँदैछ । स्कूल खारेज हुँदैछन्, दवाईदारुको प्रबन्ध बन्द हुँदैछ, कारण ? राजा भन्दैछन् पैसा छैन देशको पैसा कत्ता गयो ? के देश निर्माण भईरहेछ ? राजा महेन्द्र करोडौं रुपैयाँ खर्च गरी आफ्नो निम्ति अलिशान राजामहलको निर्माण गर्दैछ । देशको तमाम पैसा राजाकै ऐश आराम, राजाकै व्यक्तिगत सुरक्षा र अनि जनतामाथि हमला गर्न सी.आई.डी. र फौजमा अन्धाधुन्ध खर्च हुँदैछ । जब यस्तो चीजमा पैसा खर्च गरिन्छ देश निर्माणको निम्ति पैसा कहाँबाट आउँछ । यसरी राजा महेन्द्रको हातमा देश चौपट्ट भएर गईरहेको छ । राजा महेन्द्रको तमाम काम कुराहरू प्रजातन्त्रमाथि हमला गर्ने एक बहाना मात्र हो भन्ने कुरामा के अझ पनि कुनै शंका छ ? राजा महेन्द्रको यो हमला नेपाली कांग्रेसमाथिको मात्र गर्ने यो हमला प्रजातान्त्रिक व्यवस्थामाथि हमला हो । यसै निम्ति यो हमला भविष्यमा हुने जनवादी प्रजातन्त्रमाथिको हमला हो, जनताको भविष्यको हमला हो, मार्क्सवादी-लेनिनवादी सिद्धान्तमा आधारित मेहनतकश जनताको पार्टी कम्युनिष्ट पार्टीमाथिको हमला हो ।

**संसदीय प्रजातान्त्रिक व्यवस्था, जनजीवनमा यसको असर र हाम्रो कर्तव्य :-**

संसदीय प्रजातन्त्र व्यवस्था नै यस्तो प्रजातन्त्र व्यवस्था हो जसमा जनताले जानी वा नजानी आफ्नो खुशीको पार्टीलाई बहुमतमा ल्याएर सरकारमा भर्ना गर्दछ र बराबर हुने आमचुनावमा आफूलाई मन नपर्ने पार्टीलाई भोट नदिई हराएर सरकारबाट बर्खास्त पनि गर्न सक्दछ अथवा बीचमा पनि जनआन्दोलनद्वारा सो सरकारलाई राजिनामा गराएर अर्को चुनाव गराई आफ्नो खुशीको पार्टीलाई सरकारमा भर्ना गर्न सक्दछ । यसरी सरकार भर्ना गर्ने र खोस्ने अधिकार संसदीय प्रजातन्त्र व्यवस्थाअन्तर्गत जनताले पाएको हुन्छ ।

राजा महेन्द्रले संसदीय व्यवस्थालाई खत्तम गरी जनताको यस अधिकारलाई खोसेको छ । पञ्चायती प्रजातन्त्र, निर्देशित प्रजातन्त्र अथवा कन्ट्रोल गरिएको प्रजातन्त्रमा जनताको यो अमूल्य अधिकार खोसिएको हुन्छ । निश्चय पनि निर्देशित (Guided) प्रजातन्त्र अथवा कन्ट्रोल गरिएको प्रजातन्त्रमा जनताको इच्छा अनुकूल राजा चल्नुको सट्टा राजाको निर्देशनमा अथवा राजाको कन्ट्रोलमा नै चल्ने हुन्छ र यस्तो प्रजातन्त्र राजाको हुकुमशाहीको अर्को नाम मात्र हो ।

राजाले नपाएको अधिकार प्रयोग गरी विधानलाई बदल्ने र संसदीय अवस्था खत्तम गर्ने जुन काम गर्दछ यो काम जनताको अधिकारमाथि एक भयङ्कर हमला हो । यदि विधानलाई परिवर्तन गर्न दिने हो र संसदीय व्यवस्था खत्तम गर्न लगाउने हो भने हाम्रो देशमा यस्तो एउटा खतरानाक परम्परा बसेर जानेछ जुन परम्पराअनुसार राजाले कुनै किसिमको राजनीतिक व्यवस्थालाई स्थायी रहन दिने छैन र हाम्रो देशको राजनीतिक व्यवस्था र राजाको हातमा एक खेलौना मात्र हुन जानेछ र राजाको तरङ्गले, लहडले जनताको भाग्यमाथि खेल्ने छ र अनि राजाको हातमा जनताको के दशा हुने हो कसैले भन्न सक्दैन ।

तसर्थ आजको राजनीतिक समस्या राजालाई मनपरी विधान बदल्ने अधिकार दिने हो वा होइन ? संसदीय व्यवस्था खत्तम गर्न दिई राजाको मनपरी हुकुमी शासन चलाउन दिई जनताको जीवन बर्बाद हुन दिने हो वा होइन ? जबसम्म यी अधिकारहरू राजाको हातमा रहन्छन् कुन बेला कस्तो राजा आई जनतामाथि के आपत् ल्याउने हो कसैले भन्न सक्दैन । १०४ वर्षको राणा हुकुमी शासन मात्र हैन जनताले राजा रणबहादुर शाह, सुरेन्द्र वीरविक्रम शाह आदिको बहुलाई हुकुमतलाई पनि बिर्सेको छैन । राजालाई संसदीय प्रजातान्त्रिक व्यवस्था खतम गर्ने र विधानमा परिवर्तन गर्ने अधिकार दिनुको मतलब हो फेरी पनि जनतामाथि यस्तो निरंकुश तानाशाही हुकुमतलाई निम्तो दिनु ।

मनपरी प्रजातन्त्रलाई खत्तम गर्ने अधिकार राजाकै हातमा राखेर, विधान खारेज गर्ने अधिकार राजाकै हातमा राखेर, जनतालाई मौलिक अधिकारसम्म पनि दिने नदिने अधिकार राजाकै हातमा छाडेर, मनपरी हुकुम चलाउने अधिकार राजाकै मुखमा छाडेर के कुनै पनि प्रजातन्त्रको कुनै महत्व हुने छ ? तसर्थ आजको हाम्रो राजनीतिक समस्या निर्देशित (Gudied Democracy) हुकुमीशाही प्रजातन्त्र (Democratic Dictatorship) कन्ट्रोल गरिएको प्रजातन्त्र (Controlled Democracy) को स्थापना गर्ने होइन, यस्तो प्रजातन्त्रमा निर्देशन दिने को ? कन्ट्रोल गर्ने को ? हुकुम चलाउने को ? स्पष्ट छ जबसम्म देशको तमाम शक्ति राजाको हातमा रहने छ त्यसबेलासम्म यस्तो प्रजातन्त्रमा निर्देशन दिने, कन्ट्रोल गर्ने अथवा हुकुम चलाउने तानाशाही राजा सिवाय अरू कोही पनि हुन सक्दैन । राजाको गलत कदमलाई रोक्नु, प्रजातन्त्रमाथिको हमलालाई नाकामयाब गर्नु र राजाको मनपरी शासन चलाउने अधिकार खोस्नु र यसै निम्ति संसदीय प्रजातन्त्रको स्थापना गर्नु र यस संसदीय प्रजातन्त्रलाई दीगो गर्न राजाको हातमा सञ्चित हुन गएको तमाम शक्ति जनताको हातमा हस्तान्तरित गराउनु नै आजको हाम्रो मुख्य राजनीतिक समस्या हो ।

**संसदीय प्रजातान्त्रिक व्यवस्था र स्वतन्त्र राष्ट्रिय प्रजातन्त्रको सम्भावना :-**

संसदीय प्रजातान्त्रिक व्यवस्था भन्ने बित्तिकै पूँजीवादी प्रजातन्त्र भन्नु एक गलत समझदारी हो । संसदीय प्रजातन्त्र, पूँजीवादी प्रजातन्त्र अथवा राष्ट्रिय वा जनवादी प्रजातन्त्र दुबै हुन सक्दछ । निश्चय पनि ठाउँ-ठाउँमा आफ्नो आर्थिक स्थितिले गर्दा देशको पूँजीपति वर्गले संसद्माथि कब्जा गरी यसलाई आफ्नो स्वार्थ साधन गर्ने यन्त्र बनाउनमा समर्थन भएको छ र यस्तो प्रजातन्त्रको चरित्र पूँजीवादी जनतन्त्र नै हुन्छ तर यदि कम्युनिष्ट पार्टीको नेतृत्वमा जनताको व्यापक सँगठन गरी संसद्मा तमाम क्रान्तिकारी वर्गहरूको बहुमत हुन्छ भने जनताको क्रान्तिकारी ताकतलाई आधार बनाएर यसै संसद्लाई पूँजीपति वर्गको स्वार्थ साधन गर्ने यन्त्र बन्न दिने सट्टा तमाम जनताको स्वार्थ साधन गर्ने यन्त्रमा परिणत गर्न सकिन्छ र त्यसबेला संसद्को वर्ग स्वरूप पूँजीवादी वर्ग स्वरूप नभई यसको वर्ग स्वरूप जनताको स्वार्थको प्रतिनिधित्व गर्ने जनवादी वर्ग स्वरूप हुनेछ र यसले राष्ट्रिय प्रजातन्त्रको रूप लिने छ ।

तसर्थ देशमा राष्ट्रिय प्रजातन्त्र (जनवादी प्रजातन्त्र) को स्थापना गर्नुछ भने संसदीय प्रजातान्त्रिक व्यवस्थालाई नै खत्तम गरेर होइन बरु यसको तमाम कमजोरीहरूलाई हटाएर संसदीय प्रजातन्त्रलाई अझ पनि विकसित गरी संसद्मा ज्यादा भन्दा ज्यादा क्रान्तिकारी वर्गहरूको प्रतिनिधित्व गराएर नै राष्ट्रिय प्रजातन्त्रको लक्ष्य पूरा हुन सक्नेछ ।

पूँजीवादी प्रजातन्त्रमा मेहनतकश जनताले खास खास सानातिना कुराहरूमा केही सहुलियत पाएका थिए भने स्वतन्त्र राष्ट्रिय प्रजातन्त्र स्थापना गर्न सकेको खण्डमा जनताले आफ्नो तमाम मौलिक समस्याहरू हल गरी जनतामा एक नयाँ जीवन पनि सुरु गर्न सक्नु स्वाभाविक चीज हुन आउँछ ।

कम्युनिष्ट पार्टीले क्रान्तिकारी भूमिका खेलेर जन-आन्दोलनलाई विकसित पार्न सकेमा हाम्रो देशमा राष्ट्रिय प्रजातन्त्रको सम्भावना धेरै हदसम्म बढेको छ र जुन मात्रामा नेपाल कम्युनिष्ट पार्टीले यस प्रजातान्त्रिक आन्दोलनमा भूमिका अदा गर्नेछ भविष्यमा स्थापना हुने संसदीय प्रजातन्त्रको चरित्र उही मात्रामा जनताको पक्ष लिन समर्थ पनि हुनेछ । हाम्रै कमजोरीले गर्दा स्वतन्त्र राष्ट्रिय प्रतातन्त्रको बदला पूँजीवादी प्रजातन्त्रकै स्थापना हुन्छ भने यस्तो पूँजीवादी प्रजातन्त्रले पनि मेहनतकश जनताको स्वार्थलाई आंशिक रूपले प्रतिनिधित्व गर्नेछ । लेनिनले भनेका थिए, ‘मेहनतकश जनताले आशा भरोसा गर्ने आफू सिवाय अरू कोही छैन । यदि मेहनतकश जनताले आफूले आफैंलाई स्वतन्त्र पार्दैन भने अरू कोही आएर उसलाई स्वतन्त्र पार्दैन । आफूलाई मुक्त गर्ने हो भने देशभरको मेहनतकश जनता एउटै सँगठनमा, एउटै पार्टीमा सँगठित हुनुपर्छ । तर यदि एकतन्त्री पुलिस सरकार (तानाशाही एकतन्त्री सरकार) ले तमाम (सभा, सोसाइटी) मिटिङ्गहरू बन्द गर्दछ, मेहनतकश जनताको अखबारहरू बन्द गर्दछ, जनताले आफ्नो प्रतिनिधि चुन्नेहरू खोस्दछ भने १० औं लाख जनता सँगठित हुन सक्दैनन् एकताको निम्ति हरेक प्रकारको सँगठन बनाउने अधिकार जरुरत छ । जनतालाई एक हुने स्वतन्त्रता र राजनीतिक स्वतन्त्रताको जरुरत पर्दछ ।

राजनीतिक स्वतन्त्रताले मेहनतकश जनतालाई तुरुन्तै गरिबीबाट मुक्त गर्दैन, तर यसले मेहनतकश जनतालाई गरिबी हटाउने संघर्ष गर्न एउटा हतियार दिन्छ ।

प्रजातान्त्रिक आन्दोलनमा कम्युनिष्ट पार्टीको कुन भूमिका रहनु पर्छ भन्ने कुरोमा सन् १९६० सालमा मस्कोमा भएको ८१ देशको पार्टी सम्मेलनको वक्तव्यले स्पष्ट गरेर भनेको छ, “कम्युनिष्टहरू प्रजातान्त्रिक संघर्षलाई समाजवादी संघर्षको अभिन्न अङ्ग सम्झन्छन् । यसै संघर्षमा उनीहरू (कम्युनिष्ट) ले आम जनतासँग आफ्नो सम्पर्क सुदृढ गर्दछन् आम जनताको राजनीतिक चेतना बढाउँछन् र उनीहरूलाई समाजवादी क्रान्तिको कामलाई सम्झाउँछन् र यसलाई प्राप्ति गर्ने आवश्यकतालाई महशुस गराउँछन् ।”

यसै निम्ति संसदीय प्रजातन्त्रको निम्ति हुने संघर्ष समाजवादी समाज स्थापना गर्ने संघर्षको अभिन्न अङ्ग हो र यसैले जनताको स्वतन्त्र राष्ट्रिय प्रजातन्त्र स्थापना गर्ने बाटो

साफ गर्दछ । कम्युनिष्ट पार्टीको कुशल नेतृत्वमा जनताको प्रजातान्त्रिक संघर्षलाई विजयमा टुंग्याएर स्वतन्त्र राष्ट्रिय प्रजातन्त्रको स्थापना गर्ने कामलाई सुनिश्चित पार्दछ । तसर्थ प्रजातान्त्रिक आन्दोलनबाट भाग्ने इजाजत कम्युनिष्टहरूलाई कदापि छैन र प्रजातान्त्रिक संघर्षमा उत्रनु नै तमाम कम्युनिष्टहरूको फर्ज हो ।

यस जिम्मेवारीलाई हाम्रो पार्टीले कतिसम्म बहन गरेको छ ? पूरा पार्टी नै यस जिम्मेदारीप्रति उदासीन थियो भनेर भन्न सकिन्न । पार्टी यस दिशातिर सतर्क थियो भन्ने कुरा नेपाल कम्युनिष्ट पार्टीको दर्भङ्गा प्लेनमले छर्लङ्ग गरेको छ ।

**पार्टी प्लेनको निर्णय र हाम्रो पार्टी केन्द्रको बहुमत नेताहरूको रबैया :-**

पार्टीको दर्भङ्गा प्लेनमले यस राष्ट्रिय संकटको सामना गर्न आपसी मतभेदलाई पन्छाएर निम्न लिखित चार मागहरू प्रस्तुत गरेको थियो :-

क) राजाबन्दीहरूको बिना शर्त रिहाई गर्न
ख) मौलिक अधिकारको वापसी गर्न
ग) राजनीतिक पार्टीहरू तथा जन-वर्ग सँगठनहरूमाथिको प्रतिबन्ध हटाउन र
घ) देशमा संसदीय प्रजातन्त्रको पुनःस्थापना गर्न जनसंघर्षलाई अगाडि बढाउने निर्णय गरेको थियो

र यस कामलाई सफल बनाउन सम्पूर्ण नेपाललाई पाँच जोनमा बाँढेर हरेक जोन एक-एक पि.बि.एमको जिम्मामा पाँच वटा जोन कमिटीहरू समेत बनाएर हरेक पि.बि.एमले आ-आफ्नो जिम्मामा रहेको जोनलाई नेतृत्व दिने र पार्टी सक्रिय बनाउन चाहिएको खण्डमा त्यस जोनका विभिन्न कमिटीहरूको पुनर्गठन समेत गरी पार्टी काम बढाउने निर्णय गरिएको थियो । साथै जनरल सेक्रेटरी डा. माझीको राजावादी रुझान तथा सम्झौता परस्त नीतिले गर्दा वहाँलाई जनरल सेक्रेटरी पदबाट हटाएर जनरल सेक्रेटरीको बदला तीन जनाको सेक्रेटारियट बनाइएको थियो, जुन सेक्रेटारियटले पनि जथाभावी सम्झौता गर्न नपाओस् भनी त्यस सेक्रेटारियटलाई कुनै एक पि.बि.एमको अधिकार भन्दा बढ्ता अधिकार नदिने निर्णय भएको थियो र यो सेक्रेटारियतको तीन जना साथीहरू मध्ये एक जना यतै बसी सब-हेड क्वार्टर खोल्ने र निजले नै पश्चिम कोशी जोनको इञ्चार्जसमेत भएर काम गर्ने निर्णय भएको थियो ।

सवाल आउँछ, पार्टी प्लेनमको निर्णयलाई व्यावहारमा ल्याउने कुरोमा हाम्रो पार्टी केन्द्रका नेतागणले आफ्नो जिम्मेदारीलाई कहाँसम्म निभाए ?

तर पार्टी केन्द्रका जिम्मेवार नेताहरूले पार्टी प्लेनम सिद्धिने बित्तिकै पार्टी प्लेनमको तमाम निर्णयलाई लत्याएर हिँड्न थाले । अरू त अरू आजसम्म प्लेनममा निर्णय भएका कुरोहरूको एउटा सर्कुलरसम्म पनि दिने काम भएन । डा. माझी गोरखपुरमा गई संसदीय प्रजातन्त्रलाई पन्छाएर मौलिक अधिकार पाएमा राजासँग सम्झौता हुन सक्छ भन्ने वक्तव्य

दिए । वहाँ न त जनरल सेक्रेटरी हुनुहुन्छ न त जनरल सेक्रेटरी नै भए पनि पार्टी प्लेनमको निर्णय विपरीत यस्तो वक्तव्य दिने कुनै अधिकार थियो ? तर केन्द्रमा आफ्नो पक्षमा रहेका जनताको भरोसामा पार्टी प्लेनमको निर्णय लत्याई दिए र यसरी पार्टी विधानसमेत उल्लंघन गरी जथाभावी गर्न थाले । यो स्पष्ट जनवादी केन्द्रीयता तथा पार्टी अनुशासनको उल्लंघन हो ।

यसको केही समय पछि डा. माझी, का. डि.पि., का. मल्ल तथा का. शाह चार जनालाई पार्टी प्लेनमले दिएको जिम्मेवारीको वास्तै नगरी अकमास्त दर्भङ्गाबाट लोप भएर केही दिन पछि काठमाडौं देखा परे । का. मल्लको जिम्मेदारी थियो पश्चिम कोशी गण्डक जोनलाई हेर्ने, का. डि.पि. अथवा का. माझीको जिम्मेवारी थियो पश्चिम कोशी जोन सम्हाल्ने । सि.सि.एमको हैसियतले का. शाहले पनि पश्चिम कोशी जोनअन्तर्गत बसेर काम गर्नुपर्ने । तर चारै जना काठमाडौं गए सवाल आउँछ किन काठमाडौं चारै जना जानु परेको ? पछि आएर यो कुराहरू स्पष्ट हुन आयो कि वहाँहरू काठमाडौं गई बिना पार्टीको निर्णय राजासँग सम्झौता वार्ता चलाउँदै हुनु हुन्थ्यो र वहाँहरू वीरगञ्जबाट काठमाडौं ( आइ.जि.पि. को ?) सरकारी मोटरमा सरकारी अफिसरको साथै जानु भएको थियो ।

राजासँगको यस सम्झौताको कुराकानी धेरै पुरानो हो भन्ने पनि स्पष्ट देखिन आउँछ । डा. माझीले राजाको कारबाहीभन्दा धेरै अघि नै राजालाई सुकार्नोसँग दाँज्न लाग्नु भएको थियो । का. शाह यस काण्ड भएको सुनेर बहुत खुशी हुनु हुन्थ्यो र वहाँ १२ गते मन्त्रीमण्डल नबनुञ्जेल चहल-पहलमा नै हुनुहुन्थ्यो । जब मन्त्रीमण्डलको नाम सुने अनि आएर वहाँ उफ्रन थाले तथा भन्न थाले, “म नेपालको नागरिक पनि भएर बस्न चाहन्न ।” वहाँको देशभक्तिको यो अजीव प्रमाण हो । अनि केही दिन पछि वहाँको सम्पर्क दामोदर शमशेरसँग हुन्छ र फेरी राजाको समर्थन गर्न थाल्नु हुन्छ । वहाँले दामोदर शमशेरलाई काठमाडौंमा त्यसबेला रहेका का. मल्लसँग सम्पर्क राख्न पठाएको थियो र दामोदर शमशेरले राजाको कुरा लिएर नै वहाँहरूसँग भेट गर्ने गरेका थिए । दामोदर शमशेर मार्फत वहाँहरूको व्यक्तिगत तरिकाले पार्टीलाई कुनै खोज खबर नदिई गुप्त तरिकाले राजासँग बराबर सम्पर्क रह्यो ।

का. मल्लसँग फागुण महिनाको सुरुमा कुरा हुँदा राजाको प्रस्तावको रूपमा दामोदर शमशेरले वहाँलाई भनेका थिए कि राजाले दुई जना पार्टी लिडरहरूलाई मन्त्रीमण्डलमा लिने भएका छन र कार्यकर्ताहरूलाई रचनात्मक काम दिने भएका छन् । त्यो कुरा वहाँले का. टि.एल.लाई सुनाएका थिए र का. टि.एल.ले प्रजातन्त्रलाई खत्तम गरी आएको राजाको यो प्रस्तावको विरोध हुँदा त्यस बेला पनि का. मल्लले राजालाई सुकार्नोसँग दाँज्ने काम भएको थियो र राजा सुकार्नो हुन सक्दैनन् भनी विरोध जनाए पछि त्यो कुरा त्यही थामियो र पछि राजासँग के कुरा कहाँ कसरी भयो सबै का. टि.एल.सँग पनि गुप्त राख्न थालियो ।

जहाँसम्म थाहा पाइएको छ त्यसपछि वहाँहरूको दामोदर शमशेरसँग भेट दर्भङ्गा प्लेनमकै दौरानमा दर्भङ्गा भई रातको २ बजे भएको थियो । अनि बीचमा कहाँ के भयो भन्न

सकिन्न तर वहाँहरू दर्भङ्गाबाट गायब भएको दिनको बिहान वहाँहरूको भेट दामोदर शमशेरसँग गेष्ट हाउसमा हुन्छ जहाँ दामोदर शमशेर र वहाँको साथी एस.हजूरे र डि.राणाको नाउँमा बसेका थिए । त्यहाँ कुरा हुँदा राजाको प्रस्ताव थियो दुई जना पार्टी लिडर मन्त्रीमण्डलमा लिने र प्रधानमन्त्री पदमा ऋषिकेश शाहलाई राख्ने तर वहाँहरूको भनाई थियो प्रधानमन्त्री पदमा कुनै पार्टी लिडर खास गरी डा. के.सिंह अथवा टङ्कप्रसाद आचार्य मध्ये कोही रहोस् ।

त्यसपछि बराबर सुनिनमा आयो डा. माझीले सरकार लिएर आउने छ काठमाडौंबाट आउने साथीहरूको मुखबाट पनि बराबर राष्ट्रिय सरकारको चर्चा सुनिन्थ्यो र पछि गएर यो पनि सुनिन थाल्यो कि संसद्को बदला राजाले सल्लाहकार सभा स्थापना गर्ने भएको छ र त्यसमा ४-६ जना कम्युनिष्टहरू पनि लिने भएको छ ।

यसरी स्पष्ट छ वहाँहरूको सम्झौता राजाको हातमा सञ्चित हुन गएको शक्ति कसरी हस्तान्तरित गर्ने हो प्रजातन्त्रलाई कसरी स्थापना गर्ने हो र अनि यसलाई कसरी दीगो गर्ने हो भन्ने कुरोलाई लिएर होइन, प्रजातन्त्रलाई खत्तम गराएर पनि मन्त्रीमण्डलमा जाने र सल्लाहकार सभामा जाने बारेलाई लिएर नै भईराखेको थियो । यो साफ-साफ देश, जनता र पार्टीप्रति गद्दारी हो र प्रजातन्त्रवाद तथा मार्क्सवाद लेनिनवाद विरोधी कारबाही हो ।

पार्टी केन्द्रको नौ जना साथीहरू राजालाई समर्थन गर्नमा एक राय भएको देखिन्छ र वहाँहरूले आफ्नो यस समर्थनमा पार्टीका तमाम उद्देश्य तथा सिद्धान्तलाई तिलाञ्जली दिनु भएको स्पष्ट छ । वहाँहरू मध्ये एक जना महेन्द्र चौधरीको पर्चाले राजाप्रति वहाँहरूको के धारणा छ भन्ने कुरो स्पष्ट गर्दछ । वहाँले “नेपाली जन-आवाज” भनी निकालेको पर्चाले वहाँहरूको दिमागमा कुन बिचार धाराले काम गर्दैछ भन्ने कुरो स्पष्ट हुन आउँदछ । यसको केही अंश तल उदृत गरिएको छ ।

“गाउँका नेता भनाउँदाहरूको थिचो-मिचो चरम सीमाना पुगी राखेको थियो...”

“अर्को कुरा आज तमाम विश्व एक क्रान्तिकारी परिवर्तन चाहन्छ । संसदीय पद्दति जो कि पश्चिम सभ्यताको देन हो एशियाली देशहरूमा बिफल भएको छ । इण्डोनेशिया जस्तो देशमा पनि आज डा. सुकार्नोको अधिनायकत्वलाई स्वीकार गर्नुपरेको छ । त्यहाँका कम्युनिष्टहरूले पनि स्वीकार गरेका छन् । हाम्रो देश जहाँ कि राजामुकुट बाहेक अर्को त्यस्तो नेता छैन के संसदीय पद्दति सफल हुन सक्ला ? राजा यहाँ पीडा र कष्टको रूपमा होइबक्सिन्न जन-नेता र भ्राताको रूपमा होईबक्सेको अत्याधिक जन-प्रिय होइबक्सिन्छ । अर्को त्यसको विकल्प खोइ जो संसदीय नेतृत्वलाई चलाओस् । यस अवस्थामा हाम्रो राजाको घोषणा जनताले रुचाएको व्यवस्थाको श्रृजना स्वयं जनताले गर्नेछ । यस अवधिभित्र जनताको जीवनस्तर उचा उठाउने र देशलाई विकसित पार्ने योजनामा अपत्यार किन ?

होइन, राजाको नेतृत्व स्वीकार नगर्ने कुरो हो भने त्यस्तो व्यक्तित्व खोइ जो कि जनतालाई राष्ट्रिय सूत्रमा गाभ्न सकोस् । आज राजा शक्तिलाई मूर्ति मात्र बनाउने हो भने भोलि देशमा गृहयुद्ध हुन्छ, देश टुक्रा-टुक्रा भएर नाश हुन्छ । राजाको बचनलाई पत्यार नगर्ने कुनै कारण नै छैन । यस्तो पवित्र नेतृत्वमा देशको निर्माण गर्न हुने विकास कार्यमा सहयोग गर्नु पर्छ ।

यो पर्चा स्पष्ट रूपले प्रजातन्त्र विरोधी प्रतिक्रियावादी र प्रतिक्रान्तिकारी छ । यस पर्चाले राजालाई वैधानिक राजा मात्र हैन एक सर्वशक्ति सम्पन्न हुकुमशाही राजाको रूपमा देख्न चाहन्छ, कारण राजालाई वैधानिक राजा मात्र बनाएको खण्डमा गृहयुद्ध हुनेछ भन्ने डर देखाएको छ । अनि यस पर्चाले राजाको एक मात्र नेता, भ्राता र व्यक्ति मानेको छ, जसले देशलाई सुरक्षा गर्न सक्नेछ । यस पर्चाले सिद्धान्त भन्ने कुरोलाई नै वास्ता गर्न छाडेको छ र सिद्धान्तहीन भएर सामन्तवर्गको प्रतिकको रूपमा आफ्नो पुस्तैनी रगतको आधारमा हुकुम चलाउने राजालाई नै देशको एक मात्र नेता मानेको छ र राजाको तानाशाही शक्तिलाई स्थायी बनाउने पक्षमा छ । पार्टीको केन्द्रीय कमिटीको नेता भएर बसेको का. महेन्द्र चौधरीबाट यस्तो पर्चा लिखिन्छ र तर पनि केन्द्रीय कमिटीकै सदस्य भएर रहन्छ र आम कार्यकर्ताले बार-बार माग गर्दा पनि वास्ता गरिन्न बरु उल्टै महोत्तरी जिल्लाबाट गरेको कारबाही समेत पल्टाइन्छ र का. शाह, का. विष्णु, का. कृष्णप्रसाद कमिटीको सदस्य भएको हुँदा जोन कमिटीमा राख्नै पर्छ भनेर झगडा गरिन्छ भने र त्यसपछि दुबै पटक वहाँलाई समेत राखेर केन्द्रीय कमिटीको बैठक बसिन्छ र त्यस बैठकले वहाँमाथि कारबाही गर्नु सट्टा वहाँलाई समेत राख्दा पनि कोरमसम्म पनि नपुग्ने सात जनाको केन्द्रीय कमिटीको बैठक बसी त्यस बैठकले पार्टी प्लेनमको आदेश भङ्ग गरी राजाको हुकुमी व्यवस्थाको विरोध गर्नेहरूमाथि कारबाही गरिन्छ र का. पि.एल, का. हिकमत, का. रामजनम, का. टि.एल. माथि कारबाही गर्दछन् भने स्पष्ट छ यो सात जना केन्द्रीय कमिटीका सदस्यहरूको राय का. महेन्द्र चौधरीको पर्चासँग बिल्कुल सहमत हुनु हुन्छ र आज केन्द्रका सात जना साथीहरू यसै बिचार धाराको प्रतिनिधित्व गरी काम गर्दै हुनु हुन्छ ।

सेक्रेटारियट सदस्यहरू का. डि.पि. अधिकारी तथा का. शम्भुरामको राजावादी वक्तव्यले का. महेन्द्र चौधरीको माथि उल्लेख गरिएको पर्चालाई सैद्धान्तिक (Coresing) आड दिएको छ यो वक्तव्य का. महेन्द्र चौधरीको पर्चा जस्तो नाङ्गो रूपमा नआए पनि यस वक्तव्यको लक्ष्य का. चौधरीको पर्चाको लक्ष्यभन्दा कुनै फरक छैन र सेक्रेटारियट सदस्यहरूले यस वक्तव्यलाई आजको पार्टीको लाइनको रूपमा जोन र जिल्ला कमिटीहरूको समेत वास्ता नगरी व्यक्तिगत तवरले पार्टीका आम कार्यकर्ताहरूमा वितरण गरिएको छ ।

यस वक्तव्यको केही अंश तल उदृत गरिन्छ :

“सीमा-सन्धि र काठमाडौं-ल्हासा राजमार्ग निर्माण बारेको हाम्रो राष्ट्रिय हीतको अनुकूल छ । खास गरेर काठमाडौं-ल्हासा सडक निर्माण गराउनलाई हिजो-आज ठूलो हल्लाको साथ-साथ ठूलो दबाउ पनि आउँदैछ । आज यसरी राष्ट्रिय सवालहरू उठेका छन्,

त्यस्तै पछि-पछि अरू पनि धेरै नै यसमा राष्ट्रिय सवालहरू उठ्दै आउने छन् । यस्ता राष्ट्रिय सवालहरू कार्यान्वित गराउनको लागि अगाडि बढ्नु नेपाली मात्रको कर्तव्य हो । अतः यो स्पष्ट छ कि देशका तमाम जनताको संयुक्त बिना कुनै पनि राष्ट्रिय सवालहरू पूर्ति हुन सक्दैन भन्ने कुरोमा दुई मत हुन सक्तैन ।"

तर राजनैतिक र आर्थिक दुबै क्षेत्रमा प्रजातान्त्रिक विकास बिना राष्ट्रिय स्वतन्त्रताका सवालहरूको लागि जनतालाई जगाउन र अगाडि बढाउन सकिने छैन । त्यसैले आजको राष्ट्रिय सवाल र प्रजातन्त्रको सवाल अलग रहन सक्दैन । त्यसैले आजको राष्ट्रिय स्वतन्त्रतालाई बलियो बनाउनको लागि पनि देशमा प्रजातान्त्रिक सुधार हुनु आवश्यक छ । अतः हामीहरू उक्त राष्ट्रिय हीतका कदमहरूलाई समर्थन र सहयोग गर्नुको लागि र देशमा प्रजातन्त्रको पुनःस्थापना गराउनको लागि सबै देशभक्त प्रजातान्त्रिक जनता र शक्तिहरूलाई एक जुट हुन अपील गर्दछौं ।

यस बाहेक यसै वक्तव्यको पहिलो प्याराग्राफको लाइनहरूले भनेको छन्, "काठमाडौं-ल्हासा राजपथ निर्माणको सम्बन्धको सन्धिहरूले हाम्रो राष्ट्रिय स्वार्थको प्रतिनिधित्व गरेको छन् ।"

सेक्रेटारियटका दुई सदस्यहरूको यस वक्तव्यले हाम्रो तमाम ध्यान प्रजातान्त्रिक आन्दोलनको आवश्यकताबाट मुक्त गरी काठमाडौं-ल्हासा राजपथको निर्माणमा आकर्षित गरेको छ र सो सडक निर्माणलाई नै मूल राष्ट्रिय सवाल हो भनेर भर्खरै हरण भएको प्रजातान्त्रिक व्यवस्थालाई फेरी फर्काउने कुरोलाई गौण बनाएर, प्रजातान्त्रिक आन्दोलनलाई अगाडि बढाउनु सट्टा "यस्ता राष्ट्रिय सवालहरू कार्यान्वयन गराउनको लागि नेपाली मात्रको कर्तव्य हो ।" भनी देशको तमाम जनतालई यस सडक निर्माणमा लगाउन चाहन्छ । देशमा तमाम जनताको संयुक्त शक्ति बिना कुनै पनि राष्ट्रिय सवालहरू पूर्ति हुन सक्दैन । यसै निम्ति अब यसै सडकको वरीपरी तमाम जनता संयुक्त पनि हुनु पर्‍यो । सडक निर्माण कसले गराउने हो भन्दा राजा महेन्द्रले नै गराउने हो भन्ने पनि स्पष्ट छ । अनि यस सडकलाई सफल पार्न जनताले राजा महेन्द्रको वरीपरी संगठित हुनु पर्‍यो । राजा महेन्द्रप्रति वहाँहरूको विश्वास यति मात्र हैन, यो भन्दा धेरै बढेको छ र यस वक्तव्यले भन्दछ, "आज जसरी यो राष्ट्रिय सवालहरू उठेका छन्, त्यस्तै पछि पछि पनि अरू पनि धेरै नै यसमा राष्ट्रिय सवालहरू उठ्दै आउने छन् ।" यसरी हाम्रा सेक्रेटारियटका सदस्यहरू राजाबाट अझै यस्तो राष्ट्रिय सवालहरू उठाउने छन् र ती तमाम सवालहरूलाई सफल बनाउन राजालाई सघाउने कुरोको सल्लाह दिन्छन् ।

जब राजाबाट उठाइएको कुराहरूलाई सफल पार्नु नै नेपाली मात्रको कर्तव्य हो भने राजाको हुकुमी शासनको विरोधमा प्रजातन्त्रको निम्ति जनसंघर्ष गर्नु भयो त ? सवाल छ यस्तो राजालाई सघाउ या त प्रजातन्त्रको निम्ति जनआन्दोलन बढाऊ । यी दुई कुरोहरूमा हाम्रो सेक्रेटारियटका सदस्यहरूले प्रजातान्त्रिक जनआन्दोलनलाई बिल्कुल थन्क्याउनु हुन्छ

बरु सडक निर्माण कार्यलाई सफल बनाउन राजालाई समर्थन गरी राजाको वरीपरी जनतालाई संगठित हुने आव्हान गर्दैछ ।

यस वक्तव्यले जहाँ राजाको वरीपरी संगठित हुने आव्हान गर्दछ यिनै पार्टी नेता गण राजाको जन-वर्गीय संगठनमा सामेल भई काम गर्ने सल्लाह दिन्छ र जो मान्दैन उसमाथि पार्टी अनुशासनको धम्की समेत देखाउने गरेको छ । राजाको जन-वर्ग संगठन राजाको हुकुम तामेल गर्ने एक फाँसिष्ट संगठन हो भन्ने कुरा स्पष्टै छ । यसरी यी नेतागण व्यावहारिक रूपले राजाको फाँसिष्ट संगठनलाई मजबुत बनाउनमा संलग्न छन् । यस बाहेक जहाँ-जहाँ हाम्रो पार्टीको कार्यकर्ताहरूले संघर्षको इन्तजाम गरेका थिए यो नेताहरूले आफैँ गई संघर्षको विरोधमा प्रचार गरी, कही सर्कुलर चिठीद्वारा समेत रोक लगाएका छन् ।

अनि यसै वक्तव्यको अन्तिम प्याराग्राफमा प्रजातन्त्र खत्तम भएकोमा जरुर गोहीको आँसु झारेको छ र भनेको छ, “राजनैतिक र आर्थिक दुबै क्षेत्रमा प्रजातान्त्रिक विकास बिना राष्ट्रिय स्वतन्त्रताहरूको सवालका लागि आम जनतालाई जगाउन र अगाडि बढाउन सकिने छैन । “देशमा प्रजातान्त्रिक सुधार हुन अत्यन्त आवश्यक छ ।” अब सवाल आउँछ “प्रजातन्त्रको विकास” अथवा “प्रजातन्त्रको सुधार” के हुन् ? जहाँ प्रजातन्त्र नै छैन भने के को विकास अथवा सुधार ? जहाँ संसदीय प्रजातन्त्र खत्तम गरिएको छ र राजाले विधानको समेत उल्लंघन गरी मनोमानी काम गर्न लागेको छ त्यहाँ प्रजातान्त्रिक सुधार होइन बरु संसदीय प्रजातन्त्र पुनःस्थापना गर्नु नै मुख्य सवाल हुन आउँछ र पछि भविष्यमा यस्तो कारबाही नदोहोरिन पाओस् भनी राजाको हातमा सञ्चित हुन गएको तमाम शक्ति जनताको हातमा हस्तान्तरित गरी सर्वशक्ति सम्पन्न तथा सार्वभौम शक्ति सम्पन्न (Supreme & Sovereign) संसदीय व्यवस्थाको स्थापना गर्नु परेको छ र यो तमाम कुराहरूलाई चलाएर हाम्रो नेतृत्वगण “प्रजातान्त्रिक सुधार” को कुरा गर्दछ ।

आखिर मतलब के हो ? यस वक्तव्यले आम कार्यकर्ता जनतामा स्पष्ट रूपले कुन प्रकारको प्रजातन्त्र स्थापना गर्ने हो भन्ने कुरो राखी यसलाई प्राप्त गर्न जन-संघर्षलाई संगठित गर्ने सट्टा राजालाई सघाउने र राजालाई अझ राम्रो सघाउन सकौं भनी राजाबाट नै प्रजातान्त्रिक सुधारको आशा गरिएको छ ।

वहाँहरूको यस वक्तव्यलाई वहाँहरूको कारबाहीले नै स्पष्ट गरेको छ । वहाँहरू आफ्नो र्‍यान्कलाई स्पष्ट रूपले संसदीय प्रजातन्त्रको चेतना दिने सट्टा अब संसदीय प्रजातन्त्रको बेला गईसक्यो र अब त का. शम्भुरामको शब्दमा निर्देशित प्रजातन्त्र (Guided Democracy), हुकुमशाही प्रजातन्त्र (Democratic Dictatorship), अनि का. शाहको शब्दमा कन्ट्रोल गरिएको प्रजातन्त्र (Controlled Democracy) को प्रचार र प्रसार गर्दैछन् ।

एक त वहाँहरूले यी कुराहरू पार्टी प्लेनमको निर्णय विपरीत गर्दै हुनु हुन्छ अर्कातिर निर्देशित प्रजातन्त्र, हुकुमशाही प्रजातन्त्र अथवा कन्ट्रोल गरिएको प्रजातन्त्रमा निर्देशन दिने

को ? हुकुम चलाउने को ? कन्ट्रोल गर्ने को ? स्पष्ट छ, राजालाई विधान समेत उल्लंघन गरी संसदीय प्रजातन्त्रलाई खत्तम गर्ने अधिकारलाई स्वीकार गरी राजाले मनोमानी गर्ने एक परम्परालाई बसाली देशको तमाम शक्ति राजाकै हातमा राखी, राजासँग सञ्चित हुन गएको शक्ति हस्तान्तरित गर्ने कुरा नगरी निर्देशित प्रजातन्त्र, हुकुमी प्रजातन्त्र, कन्ट्रोल गरिएको प्रजातन्त्रमा निर्देशन दिने, हुकुम चलाउने अथवा कन्ट्रोल गर्ने राजा सिवाय अरू हुनै सक्दैन । राजाको हातमा सञ्चित शक्तिलाई प्रजाको हातमा हस्तान्तरित गराउने प्रजातान्त्रिक आन्दोलन अगाडि बढाउने सट्टा आज हाम्रो केन्द्रीय सेक्रेटारियटका सदस्य तथा अन्य राजावादी नेताहरू राजाको हुकुमी शासनलाई दीगो गर्न निर्देशित प्रजातन्त्र, हुकुमी प्रजातन्त्र, कन्ट्रोल गरिएको प्रजातन्त्रको कुरा प्रचार र प्रसार गर्दैछन् । अनि वहाँहरूको उद्देश्य का. महेन्द्र चौधरीको पर्चाले व्यक्त गरेको बिचारभन्दा फरक कहाँ पऱ्यो ?

स्पष्ट छ, का. महेन्द्र चौधरीको पर्चाले वहाँहरूको बिचारधाराको स्पष्ट रूपले राख्ने काम गरेको छ भने का. शम्भुराम र का. डि.पि. अधिकारीको वक्तव्यले का. महेन्द्र चौधरीले व्यक्त गरेका बिचारधारालाई एक मजबुत आड दिएको छ । तसर्थ का. महेन्द्र चौधरीको "नेपाली जन-आवाज' भन्ने पर्चाले सातै जना केन्द्रीय कमिटीका सदस्यहरूको बिचारधारालाई प्रतिनिधित्व गरेको छ ?

का. महेन्द्र चौधरीको पर्चाले देशमा प्रजातान्त्रिक व्यवस्थाको स्थापना गर्ने कुरोको नै विरोध गरेको छ । राजालाई सघाउने अपील गरेको छ । राजालाई डा. सुकार्नोसँग तुलना गर्ने काम गरेको छ । के साँच्चै नै राजाको कारबाही र डा. सुकार्नोको कारबाही एउटै हो त ? निश्चित रूपले भन्ने हो भने डा. कारबाही र राजा महेन्द्रको कारबाही दिनको १२ बजे र रातको १२ बजे जतिकै फरक छ । सुकार्नोले देशमा दिनको सूर्यको प्रकाशलाई ल्याएको छ भने राजाले देशमा रातको अन्धकारले छाएको छ । डा. सुकार्नोले "गोटाङ्ग रोपाङ्ग" अर्थात "हामीसँगै जाउँ" भन्ने नारा दिएर अनि कम्युनिष्ट पार्टीलगायत आठ वटा तमाम पार्टीहरूको सरकार बनाए । कम्युनिष्ट पार्टीलगायत पार्टीलाई खुले आम काम गर्ने अधिकार इण्डोनेशियामा छ । वर्ग चेतना र वर्ग संघर्षलाई मार्ने काम गरेन बरु मेहनतकश जनताले आफ्नो तागत बढाउने सुअवसर पाए । विदेशी साम्राज्यवादी पूँजीको राष्ट्रियकरण गरेर किसानहरूमा खेत वितरणको कार्यक्रम बनाए । राजा महेन्द्र के गर्दैछन् त ? के राजा महेन्द्रको हुकुम तामेल गर्ने पार्टी र फाँसिष्टवादी जन-वर्ग संगठन सिवाय जनताको पक्ष लिने कुनै पनि पार्टीको अस्तित्व राजा महेन्द्रले सहन सकेको छ ? के राजा महेन्द्रले "गोटाङ्ग रोपाङ्ग" भन्ने नारा दिए ? होइन बरु उल्टै देशको एक मात्र मालिक आफूलाई भन्ठानी जनताको तमाम अधिकार खोसी मनोमानी हुकुमीराजा खडा गरी जनतालाई आफ्नो दास सरह व्यावहार गरे । राजा महेन्द्रले सामन्ती तथा साम्राज्यवादी प्रभावबाट देशको आर्थिक व्यवस्थालाई मुक्त गर्ने सट्टा सामन्तहरूलाई गाउँ घरको हुकुम शाहहरू बनाई दिए र देशमा नभएको साम्राज्यवादी तथा एकाधिकार विदेशी पूँजीलाई उल्टै निम्त्याए तथा साम्राज्यवादीहरू तथा विदेशी एकाधिकार पूँजीपतिहरूलाई अनेक सहुलियत दिन कबुल गरे । डा. सुकार्नोको फौजमा ४० प्रतिशत प्रजातान्त्रिक तत्व भएर पनि जब वहाँका दक्षिणपन्थी प्रतिक्रियावादीहरूले फौजी हुकुमत चलाउने आग्रह गरे डा. सुकार्नोले यस प्रस्तावलाई स्पष्ट

रूपले ठुकराई दिए । डा. सुकार्नोले काम कारबाहीको तमाम आधार प्रजातन्त्रवादी तथा प्रगतिशील तत्वलाई बनाए, जब कि राजा महेन्द्रले तमाम काम कुरोको आधार देशको प्रतिक्रियावादी, प्रतिक्रान्तिकारी फौजी गुट र गाउँ-घरमा सामन्त र जाली फटाहालाई बनाए ।

स्पष्ट छ, डा. सुकार्नोले देशको राष्ट्रिय स्वतन्त्रता र प्रगतिवादको प्रतिनिधित्व गरेको छ भने राजा महेन्द्र सामन्त तथा साम्राज्यवाद र विदेशी एकाधिकार पूँजीपति वर्गको तरफदारी गरी प्रतिक्रान्ति र प्रतिक्रियावादीको प्रतिनिधित्व गरेको छ ।

देशको वस्तु स्थितिलाई न बुझेर हो वा बुझ्न न चाहेर हो हाम्रो पार्टीको तथाकथित बहुमत नेतागण (अर्थात १७ जनामा तीन जना जेलमा सडाएर बाँकी बचेको १४ जनामध्ये आठ जना) ले राजाको यस्तो प्रतिक्रियावादी तथा प्रतिक्रान्तिकारी चरित्र स्पष्ट देख्दा देख्दै यस राजाको हुकुमी शासनलाई दीगो गर्न राजालाई कसैले सघाउने काम गर्दछन् भने स्पष्ट छ तीनले देश, दुनियाँ र खुद आफ्नो मार्क्सवादी लेनिनवादी पार्टीप्रति गद्दारी गरेको छ प्रतिक्रियावाद तथा प्रतिक्रान्तिको प्रतिनिधित्व गरेको छ । यस्तो व्यक्ति वा व्यक्तिहरूले पार्टी नेतृत्वमा बस्न त परै रहोस् पार्टी सदस्य अथवा पार्टी हमदर्द हुँ भन्ने पनि शर्मको कुरो हो । खुद पार्टीको निम्ति वहाँहरूको नेतृत्व मात्र हैन, वहाँहरूको सदस्यता र हमदर्दी एक शर्म तथा खतराको कुरो हुन गएको छ । वहाँहरूको यस कारबाहीको चल्ते आज तमाम पार्टी बदनाम भएको छ, तमाम पार्टी सदस्यहरू अन्य प्रजातान्त्रिक पार्टीहरू तथा आम जनताको आजादी तथा हमदर्दहरूको शीर नीचा हुन गएको छ । पार्टीभित्र सैद्धान्तिक मतभेद हुनु कुनै अस्वाभाविक कुरो होइन यस्तो सैद्धान्तिक मतभेदलाई टुंग्याउने बाटो हो, आ-आफ्नो समझदारीलाई तमाम पार्टी साथीहरूको अगाडि छलफलको निम्ति राखी बहस चलाएर त्यस बहसको निचोडमा फैसला दिन पार्टी कांग्रेस बोलाएर सो पार्टी महाधिवेशनको फैसलालाई माने र काम गर्नु नै हामी तमाम पार्टी सदस्यहरूको फर्ज हो । पार्टीको जनवादी केन्द्रीयता पनि यही हो ।

तर पार्टीभित्र एक गलत परम्परालाई कायम राखी पार्टीको जनवादी केन्द्रीयतालाई बेवास्ता गर्न थालेको छ आफ्नै मनोमानी बिचार आम पार्टीमा लाद्ने काम गरेको छ ।

पार्टी प्लेनमको निर्णय थियो कि संसदीय प्रजातन्त्र लगायत चार मागलाई लिएर जन-संघर्षलाई अगाडि बढाउनु तर पार्टी केन्द्रका तथाकथित बहुमत यस निर्णयलाई लत्याएर राजालाई सघाउन पार्टी माथि जोड जबर्जस्ति गरी हुकुमशाही चलाउँदै छन् ।

पार्टी केन्द्रका यी आठ जना साथीहरू, जो साँच्चै भन्ने हो भने अल्पमतमा छन् र तीन जना साथीहरूलाई जेलमा राखी बहुमतमा हुँ भन्ने दावा गर्दछन्, जसले पार्टी कांग्रेस बोलाए र यी तमाम कुराहरूको फैसला गर्न नामञ्जुर गरेका छन् ।

यस बाहेक आफ्नो राजावादी बिचारधारा बहसको निम्ति मात्र पठाउने सट्टा सर्कुलरको रूपमा पार्टी लाइन भनी पठाएका छन् र यो राजावादी लाइन तमाम पार्टीमा जबर्जस्ति लाद्ने काम गर्दैछन् । पार्टी केन्द्रका यी तथाकथित बहुमतवाला नेताहरू आज सैद्धान्तिक रूपले मात्र राजालाई समर्थन गरेका होइनन् व्यावहारिक रूपले राजालाई समर्थन गरी राजासँग साँठगाँठ गर्न लागेका छन् र आफ्नो मनोकामना पूरा गर्न यी बहुमतका साथीहरूले दर्भङ्गा प्लेनमको निर्णयलाई मञ्जुर गरी प्रजातन्त्रको निम्ति लड्ने साथीहरूमाथि डर, त्रास र धम्की देखाउनको साथै पक्राउने, सम्पत्ति जफत गराउनुको साथै पक्राउन सी.आई.डी. र पुलिसलाई मद्दत दिने काम समेत गर्न थालेका छन् ।

डा. माझी कसरी पक्राउ भए, कसरी छुटे र कसरी सजिलैसँग मस्को जान सके एक आश्चर्यको कुरो छ ।

डा. माझी आफू मस्को जानुभन्दा अगाडि राजालाई चीन जान बिदा हुन हवाई मैदानमा गई राजालाई फूलमाला अर्पण गर्न पुग्नु हुन्छ ।

जहाँसम्म थाहा पाइएको छ जेलमा डा. माझीको प्रयास वहाँ रहेको पार्टीको भूतपूर्व जनरल सेक्रेटरी का. मनमोहनलाई राजाको समर्थन Convince गराउन (चत्त बुझाउनु) नै रह्यो ।

डा. माझी रूस गए र त्यहाँ पनि राजाको समर्थनमा राजाले क्रान्तिकारी तरिकाले भूमिसुधार गर्न लागेको छ भन्ने प्रचारमा नै संलग्न रहे ।

डा. माझी, का. शाह, का. मल्ल तथा अन्य साथीहरूले पार्टीलाई खबरसम्म नदिई सुरुदेखि नै राजाको हुकुमशाही व्यवस्थालाई समर्थन गरी मन्त्रीमण्डलमा जान सम्झौताको कुराहरू चलाउँदै आए । र वहाँहरूको यस काममा Go-between (सम्पर्कको बाटो) हो । दामोदर शमशेर, जसको गुप्तनाम वहाँहरूले "गुरुजी" राख्नुभएको छ र "राजाको नाउँ" भने "पशुपतिनाथ" राखिएको थाहाँ पाइएको छ ।

डा. माझी, का. डि.पि., का.मल्ल र का.शाह वीरगञ्जबाट काठमाडौं पुग्नु हुन्छ । सरकारी र (आई.जी.पी. को ?) मा पुलिस अफिसरको साथै । यो काम पनि वहाँहरूले पार्टीदेखि गुप्त नै राखेर आउनु भएको छ ।

पश्चिम कोशी जोन गठन गरी यसलाई नेतृत्व दिने र सञ्चालन गर्ने जिम्मा डा. माझी अथवा का. डि.पि अधिकारीको थियो र का. शाहले पनि यसै जोनमा बसेर काम गर्नु पर्ने तर जस्तो अघि पनि लेखी सकिएको छ वहाँहरू आफ्नो जिम्मेवारीलाई पन्छाएर काठमाडौं गएर आठ महिनासम्म यो जोन बर्बाद रहँदा यस जोनका साथीहरूले पूर्व कोशी जोनको इञ्चार्ज का. टि.एल.लाई बोलाई पठाएको थियो र का. टि.एलले पनि पार्टीप्रतिको आफ्नो जिम्मेवारीलाई महशुस गरी पूर्व कोशी जोनको अलावा यस जोनलाई पनि रेख-देख

गर्न थाले र साथै पूर्व कोशी जोन र पश्चिम कोशी जोन दुबै मिली संयुक्त रूपले एक पार्टी बुलेटीन पनि निक्लन थाल्यो । जब यो कामहरू हुन थाले आठ महिनादेखि यस जोनलाई बेवास्ता गरी छोडी राखेका का. शाह जुर्मुराएर उठ्न थाले र एक कडा हिदायत पत्र का. रामजनमलाई पठाउने काम गरे जुन पोष्टकार्डमा कुन अधिकारले का. टि.एल.ले सो जोनमा काम गरेको हो भन्ने सवाल उठाउनको साथै सो पार्टी बुलेटिनलाई एक पैसा मद्दत नदिनु र साथै सो बुलेटीनको एक प्रति पनि यस जोनमा न बाँट्नु भन्ने कडा आदेश दिइयो । यस घटनाले पार्टीप्रति का. शाहको रुख स्पष्ट गर्दछ । का. टि.एल. ले यस जोनमा काम गरेकोमा का. शाहलाई किन विरोध ? निश्चय पनि वहाँ यस जोनमा आएर काम गर्नु भएमा वहाँको हातमा पार्टीको काम नछोड्ने सवाल थिएन । बुलेटीनलाई वहाँले बन्द गर्ने आदेश दिनु भो, कुन हैसियतले ? यस्तो व्यक्तिगत आदेश वहाँले कसरी दिन सक्नु भो ? बुलेटीनमा कुनै गल्ति छ भने सच्चाउन र सुझाव दिन सक्नु हुन्थ्यो । कमजोरीहरूलाई हटाउन लाउने सट्टा वहाँको प्रयास रह्यो बुलेटीन नै बन्द गर्न लाउने । किन ? यो पार्टीलाई निष्क्रिय पार्ने वहाँको प्रयास नभए अरू के हो ?

यसपछि महोत्तरी जिल्लाको पहल कदमीमा यस जोनमा पनि जोन कमिटीको गठन गर्ने उद्देश्यले यस जोनका विभिन्न जिल्लाहरूको एक सम्मेलन हुन्छ तर यसमा पनि का. शाह, का. विष्णु, का. कृष्णप्रसाद अधिकारीको रोल रह्यो यस सम्मेलनलाई हुन नदिने । तर तमाम प्रतिनिधि साथीहरूको दृढताले गर्दा आखिर सम्मेलन सफल भयो र जोन कमिटी गठन पनि भयो ।

यस्तै पश्चिम गण्डक जोनको इञ्चार्ज का. मल्ल हुनुहुन्छ । वहाँले जोन कमिटी त गठन गर्नु भयो तर त्यस जोनलाई पार्टी केन्द्रको कुनै सर्कुलर नआएसम्म कुनै काम नगर्नु भन्ने आदेश डा. माझीले दिनु भयो र यस जोनलाई काम गर्ने सर्कुलर आजसम्म दिइएन । मतलब के हो ? पार्टीलाई निष्क्रिय बनाउनु सिवाय यस्तो आदेश उद्देश्य नै के हुन सक्दछ ?

का.शाह तथा का. रामजनमको टूर पश्चिम गण्डकमा हुन्छ । का. शाहले त्यस जोनका कार्यकर्ता साथीहरूलाई अब संसद्को निम्ति संघर्ष गर्नु पर्दैन भन्ने आदेश दिएर आउनु हुन्छ । कुन अधिकारले ? कुन उद्देश्यले ? स्पष्ट छ यस्तो आदेशको उद्देश्य पनि पार्टी काम ठप्प गर्ने सिवाय अरू के हुन सक्दछ ?

यसरी का. शाह तथा अन्य राजावादी साथीहरूको प्रयास पार्टीलाई जानी बुझिकन निष्क्रिय पार्ने रहेर आएको छ ।

का. शाह राजाको पक्षमा तमाम कार्यकर्ता साथीहरूलाई निष्क्रिय गराउन विराटनगर र धरान घुम्नु हुन्छ र वहाँको सवारी वडा हाकिमको मोटर हुन्छ र वहाँहरू तीन जना मध्ये एक जना साथीको गुप्तबास बस्ने डेरा बनाइन्छ वडा हाकिमको महलमा । अनि अण्डर ग्राउण्ड अथवा गुप्त जीवन कसबाट ?

का.शाह सप्तरी, राजाविराजा जानुहुन्छ । वहाँ कहाँ सयकडौं जनता आएर भेट गर्दछन् । ठीक छ, कुनै आपत्ति छैन तर साथै सुब्बा आएर भेट गर्दछ, अनि एस.पि. आएर भेट गर्दछ, अनि वडा हाकिम आएर भेट गर्दछ, तर पनि वहाँ अण्डर ग्राउण्ड । तर कसबाट यो अण्डर ग्राउण्ड ?

का. शाहले सजिलैसँग अण्डर ग्राउण्ड भई विराटनगरबाट काठमाडौं आकाश मार्गबाट उड्नु हुन्छ ।

का. शाहले यस बाहेक का. महेन्द्रद्वारा केन्द्रीय कमिटीको सदस्यको हैसियतले वहाँको जिल्ला कमिटीको मिटिङ्ग, जसमा कोरम पनि पुगेको थिएन, द्वारा अन्तर जोन कमिटीको समेत विरोध गर्न लगाएर त्यो कोरम नपुगेको डि.सि. मिटिङ्ग जुन बेला सुरसण्डमा भईरहेको थियो के कारणले कसरी यो हो भन्न सकिन्न महोत्तरी जिल्लाको वडा हाकिमको सेक्रेटरी पनि सुरसण्डमा उपस्थित हुनु हुन्थ्यो ।

का. महेन्द्र चौधरीलाई समेत राखेर कोरम नपुगेको तथाकथित Aventable C.C.M. हरूको मिटिङ्ग बराबर काठमाडौं गराइन्छ र यस्तो कोरम नपुगेको तथा राजाका भक्त साबित भएका साथीहरू बसी पार्टी प्लेनमको तमाम निर्णय विपरीत सैद्धान्तिक मात्र हैन पार्टी संगठनलाई समेत उल्टाएर पार्टी प्लेनमले नियुक्त गरेका राजाको हुकुमशाहीको विरोधमा संघर्ष गर्नु पर्छ भन्ने जोन इञ्चार्जहरूलाई जोनका कामबाट हटाउने गरिन्छ । यसै मिटिङ्गले जोन सम्मेलनबाट चुनेको जोन सेक्रेटरीलाई हटाएर राजावादी हाम्रो सि.सि.एम का. बिष्णुलाई जबर्जस्ति जोन सेक्रेटरीको रूपमा त्यस जानेमा लाद्ने काम गरेको छ ।

यसमाथि का. शाहले खुद राजावादी नीतिलाई समर्थन गर्न नमान्ने साथीहरूमाथि डर, त्रास र धम्कीसमेत देखाउन काम गरेर आउनु भएको छ र जेल पर्ला भन्ने डर देखाएर आएको छ ।

के संसारको कुनै पनि कम्युनिष्ट पार्टीले आफ्नो पार्टी साथीहरूलाई पक्रिएको खण्डमा घर बिग्रने डर देखाउँछ ? तर हाम्रो केन्द्रीय कमिटीको सदस्य का. शाह आफ्नो पार्टी साथीहरूलाई राजाको विरोधमा प्रजातान्त्रिक व्यवस्थाको पक्षमा खडा भएको खण्डमा पक्रिने र घर बर्बाद हुने धौंस देखाउनु हुन्छ । एक सवाल यसबीचमा उठ्छ जबसम्म राजावादी पार्टी नेताहरूले पोल लाउँदैन गुप्त तरिकाले पार्टीको काम गर्ने साथी पक्राउन कसरी हुन्छ । तर राजावादी साथीहरूको हरकतले पार्टी साथीहरूलाई गुप्त तरिकाले काम गर्न पनि मुश्किल हुन गएको छ । पाटन डि.सि. बैठक हुन्छ, बैठकमा केन्द्रीय नेता का. एस.आर. हाजिर हुन्छन् । अरू मिटिङ्गको कुरा गुप्त नै रहन्छ, तर यस मिटिङ्गको तमाम कुराहरू बारे पाटन मेजिस्ट्रेटलाई थाहाँ हुन्छ कसरी ? यो कुरा वहाँले सरकारलाई पुऱ्याउनु नै भो भन्ने सवाल होइन । सवाल हो जब यसबारे वहाँको ध्यान आकर्षित गरिन्छ त वहाँले यसबारे छानबिन गरी कसरी गयो होला भन्ने कुरोको छानबिन गरी पत्ता लाउने सट्टा उल्टै पाटन

डि.सि.सँग वहाँको झगडा हुन्छ । यसपछि पाटन जिल्लामाथि सरकारी दमनले झन उग्र रूप लिन्छ ।

यस बाहेक महोत्तरी जिल्लाको कुरो हो यस तानाशाही सरकारले चोर डकैतहरूसँग आफ्नो साँठगाँठ गरेको छ र एस.पी. को नेतृत्वमा करिब २० जना पुलिस, ५०-६० जना चोर डकैत गरी जम्मा ७०-८० जनाको दल बाँधी पार्टी कार्यकर्ताहरूको घर-घरमा धावा बोलिन्छ । का. रामलखनको घरसमेत एकैदिन सात घरमा यसरी धावा बोलिएको थियो र उनीहरूलाई निर्दयीपूर्वक पिटी, भालाले रोप्ने धम्की देखाई पक्रेर थानामा लगिन्छ वहाँ ती पार्टी कार्यकर्ताहरूमाथि झूठै नेपाली कांग्रेसको बम ल्याएर राखेको छ भन्ने आरोप लगाइन्छ । एकपछि अर्को गरी उनैमाथि फेरी डकैतीको आरोप लगाइन्छ र बिनाकारण थानामा थुनिन्छ । तर आश्‍चर्य छ हाम्रो राजाको समर्थक केन्द्रीय कमिटीको सदस्य महेन्द्र चौधरीको पैरबीमा उनीहरूले भविष्यमा पार्टीको कुनै काम नगर्ने र राजालाई समर्थन गर्ने कबुल गराएर छोडिन्छ । राजावादी केन्द्रको बहुमतमा रहेका साथीहरूको पार्टीभित्र प्रजातन्त्रको पक्ष लिने कार्यकर्ताहरूलाई कायल गरी राजाको समर्थनमा लाने यो एक शर्मनाक हरकत हो ।

यसरी केन्द्रका जिम्मेवार साथीहरू डा. माझी, का. शाह, का. महेन्द्र चौधरी, का. डि.पि. अधिकारी र हाल आएर वक्तव्यद्वारा का. शम्भुराम जम्मा पाँच जनाले राजालाई सिधैं समर्थन गरी राजाको हुकुमी शासनलाई सघाउने काम गर्दै आएका छन् ।

का. मल्ल खुद राजासँगको सम्झौता वार्तामा सरिक हुनुहुन्छ भन्ने कुरो पनि माथि नै छर्लङ्ग भईसकेको छ । अनि का. कृष्णप्रसाद अधिकारीलाई यी तमाम कुरोहरू थाहाँ भएर पनि वहाँले यी कुरोहरू अझै पार्टीदेखि गुप्त राख्ने र पार्टी साथीहरूलाई वर्गलाई राजाको समर्थनमा तान्ने काम गर्दै आउनु भएको छ ।

हालसाल आएर का. बिष्णुले पनि राजाको राष्ट्रवादिता र प्रगतिशीलताको कुराको भ्रम तमाम कार्यकर्ताहरूमा फैलाउने काममा लाग्नु भएको स्पष्ट छ । का. शाहसँग विराटनगर धरान घुम्ने काममा केन्द्रको अर्का सदस्य का. केदार हुनुहुन्छ ।

यसरी केन्द्रको १७ जना सदस्यहरू मध्ये नौ जनाले राजालाई समर्थन गर्दैछन् भन्ने कुरा स्पष्ट हुन आएको छ ।

केन्द्रीय कमिटीका सदस्यहरू मध्ये अर्को दुई जना साथीहरू का. कृष्णलाल तथा का. राईले माफी मागेर जेलबाट निस्के तर त्यसपछि वहाँहरू राजाको समर्थनमा हुनुहुन्छ वा हुनु हुन्न भन्ने कुरो थाहाँ पाउन सकिएको छैन ।

बाँकी छ जना मध्ये तीन जना साथीहरू अझ अनिश्‍चितकालको निम्ति जेलमा नै छन् ।

का. पि.एल, का. हिक्मत र का. टि.एल. । यी तीनै कामे्रडहरूको आ-आफ्नो समझदारी केही मतभिन्नता हुन सक्नाको बाबजुत राजाको हुकुमी शासनको विरोधमा संघर्ष गर्ने तथा देशमा प्रजातान्त्रिक व्यवस्था स्थापना गर्नु पर्छ भन्ने कुरोमा एक मत नै भएको र तीनै जनाले दर्भङ्गा प्लेनमको निर्णयलाई अगाडि बढाउने आवश्यकतालाई महशुस गरेर नै काम गर्दै आएकोमा यी तीन जना साथीहरूमाथि पार्टी केन्द्रका सेक्रेटारियट सदस्यहरू दुई जनाले कारबाही गरेका छन् र ती तीनै जना साथीहरूलाई पार्टी कमिटीहरूसँग सम्पर्क नराख्नु भन्ने सर्कुलर पठाएका छन् ।

तर खुशीको कुरो छ यी तीन जनासँग नै विभिन्न जिल्ला कमिटीहरू तथा अन्य कार्यकर्ता साथीहरूले सम्पर्क नराख्नु भन्ने सर्कुलरलाई लत्याएर पार्टीलाई ठीक-ठाउँमा ल्याउने काममा संलग्न छन् । र ठाउँ-ठाउँका जिल्लाहरूले अन्तर जोन सामन्जस्य समितिलाई मान्यता दिई केन्द्रीय कमिटीमाथि अविश्वासको प्रस्तावहरू समेत पास गरी यस अन्तर जोन सामन्जस्य समितिले नै केन्द्रीय संगठन समिति घोषित गरी काम गरोस् भन्ने माग समेत आएको छ ।

एक त ती दुई जना साथीहरू का. डि.पि. अधिकारी तथा का. शम्भुरामलाई तीन जना पि.बि.एम.हरूमाथि कारबाही गर्ने कुनै पनि अधिकार छैन । यो सेक्रेटारियट खुद पार्टीको कुनै वैधानिक कमिटी नभई जनरल सेक्रेटरीको बदलामा राखिएको त्रोयका (त्रिमूर्ति) मात्र हो र यो त्रोयकाले पनि डा. माझीले झैँ जथाभावी गर्न नपाओस् भनी कुनै एक पि.वि.एमको भन्दा बढ्ता शक्ति प्रदान गरिएको थिएन । यसलाई न त कुनै नयाँ निर्णय दिने अधिकार नै छ । स्मरण रहोस् जब उत्तर गण्डकका साथीहरूले राजालाई फूलमाला लगाएकोमा डा. माझीमाथि र किर्ते चेक काटेकोमा का. डि.पि माथि कारबाही गरोस् भन्ने माग यसै सेक्रेटारियटसँग गरिएको थियो । यसै सेक्रेटारियटले पार्टी केन्द्र नबसी हामीलाई कसै माथि कारबाही गर्ने अधिकार छैन भनी चुप लागेर बसेका थिए, त उही सेक्रेटारियटको दुई जनाले राजाको विरोधमा खडा रहेका तीन जना साथीहरूमाथि कारबाही गर्ने अधिकार कसरी प्राप्त गरे ?

पार्टी विधानको ख्याल गर्ने हो भने जनरल सेक्रेटरी अथवा पि.बि.ले पनि कसैमाथि कारबाही गर्न सक्दैन र पार्टी सि.सि. ले पनि दुई-तिहाई बहुमतले मात्र (अर्थात १७ भोटमा १२ भोटले मात्र) कुनै एक जना सि.सि. सदस्यमाथि कारबाही गर्न सक्दछ र सम्पूर्ण सि.सि. एक मत भएर पनि तीन जनामाथि कारबाही गर्न सक्दैन । तसर्थ यो कारबाही बिल्कुल अवैधानिक कारबाही हो, विधानको उल्लंघन गरी पार्टीमाथि चलाउन लागेको हुकुमशाहीको प्रत्यक्ष प्रमाण हो ।

राजाको हुकुमशाही देशमा चले, गाउँ-घरमा सामन्त र जाली फटाहाहरूको हुकुमशाही चले अनि पार्टीभित्र यी राजावादी साथीहरूको हुकुमशाही चल्न थालेको छ । यस हुकुमशाहीले पार्टीको जनवादी केन्द्रीयतालाई खत्तम गरेको छ र पार्टीको जीवन यो एक भयङ्कर खतराको रूपमा आएको छ ।

**पि.बि. र सि.सि. बैठकमा भाग लिएन भन्ने कुरो बारे :**

पि.बि. र सि.सि. बैठकमा किन भाग नलिएको भन्ने कुरोको बारे पि.बि. बैठक एक पटक काठमाडौंमा राखिएको हो जुन बैठकको खबर का. टि.एल.लाई गर्ने काम भएन । डा. माझीको अनुपस्थितिमा छ जना पि.बि.एसहरू मध्ये एक जना पि.बि.एस., का. टि.एल.लाई पि.बि. मिटिङ्गमा नबोलाएको खण्डमा तीन जना राजावादी पि.बि.एम. को राय नै सदर हुन जाला भन्ने नियत, यसले स्पष्ट जाहेर गर्दछ । पार्टीभित्र मतभेद हुन सक्दछ तर मतभेदलाई टुंग्याउने के यही तरिका हो ? गाउँ-घरमा देखिएको जाल फेरब पार्टीभित्र हुल्याउने काम गरेको के यो प्रत्यक्ष प्रमाण होइन ? जब यस्तो चाल पार्टीभित्र नेतृत्वले चल्दछन् भने पार्टी भित्र के स्वस्थ तरिकाले बहस नै एक राम्रो निर्णय हुन जानेछ ? यो त पार्टीभित्र राजावादी बिचार पार्टीमा थोप्ने तरिका मात्र हो ।

त्यसपछि दुई जना सेक्रेटारियट सदस्यहरूले राजाको समर्थनमा पार्टी प्लेनमको निर्णयको बिल्कुल विपरीत एक वक्तव्य माथि केन्द्रको लालमोहर लगाउन केन्द्रीय कमिटी बोलाइन्छ । केन्द्रको १७ जना मध्ये नौ जना त राजाको पक्षमा अघिदेखि नै छन् र राजालाई सघाउन ती सदस्यहरूले पार्टीलाई भताभुङ्ग गरी निष्क्रिय समेत गरेर आएका छन् भने केन्द्रीय कमिटीमा स्वस्थ तरिकाले बहस होला र एक उचित निर्णयमा पुग्ला भन्नु एक असम्भवको कुरो भईसकेको थियो । एक त जब पार्टीभित्र राजाको समर्थन र राजाको विरोधमा दुई मत स्पष्ट छ भने काठमाडौं सि.सि. बैठक बसी राजाको विरोधमा महिनौं लडिरहनु तमाम केन्द्रमाथि आपत् मोल्नु हो । यसै निम्ति पार्टी केन्द्रको मिटिङ्ग नेपाल बाहिर बोलाइयोस् र सो बैठकमा पार्टी केन्द्रका सदस्यहरू बाहेक पार्टी केन्द्रको उम्मेदवार सदस्यहरू (Candidates C.C.M.) र भरसक जोन जानेका प्रतिनिधिहरूलाई समेत राखेर र सि.सि.एम.हरू बोलाउनु चाहनु हुन्छ न त जोन-जोनको प्रतिनिधिहरू नै । वहाँहरूले १७ जनामा नौ जना ठ्याक्कै गनिसकेको र ती नौ जनाले जे पनि पास गर्न सकिन्छ भने हामी त्यस मिटिङ्ग गएर माग लिनु र नलिनु एउटै कुरो हो । जब स्वस्थ तरिकाले दिल खोलेर र बहस गरी चित्त बुझ्नु र चित्त बुझाउने बाटो खत्तम गरी पहिले नै केन्द्रका ८-९ जनाले पहिले राजालाई समर्थन गर्ने अठोट गरिसकेका छन् र कसैले पर्चा कसैले वक्तव्य अनि कसैले कारबाहीद्वारा नै समर्थन गर्न लागेका छन् भने त्यो वैठकले के कुनै स्वस्थ निर्णय दिने छ ? कुनै मिटिङ्गमा स्वस्थ बहसको गुञ्जायस छैन भने त्यस बैठकमा जानु नजानुमा कुनै फरक नै के भयो । बहुमतको निर्णय भनी पठाईदिए त भई हाल्छ नि ।

डा. माझी मस्कोमा, का. केदार काठमाडौं जान नमान्ने र बाँकी सात जनाको राजालाई समर्थन गर्ने निर्णय सुन्नको निम्ति काठमाडौं मिटिङ्गमा जानु हो देश, जनता र मार्क्सवाद-लेनिनवाद माथि गद्दारी गर्नु ।

यस सि.सि. बैठकमा कांग्रेसमाथि बिचार गर्ने कुनै एजेण्डा समेत थिएन ।

पार्टी केन्द्रका साथीहरू हामीलाई सोध्छन् पार्टी केन्द्रको सामना किन नगरेको ? राजालाई सैद्धान्तिक र व्यावहारिक रूपले समर्थन गरिसकेको बहुमत भनिएका साथीहरूलाई सामना गरेर आखिर देश, जनता र हाम्रो पार्टीलाई के देन दिने हो ? वहाँहरू खुद पार्टी-कांग्रेसको किन सामना गर्न सक्नु हुन्न ? पार्टी महाधिवेशन बोलाईयोस् भन्ने तमाम पार्टी सदस्यहरूको माग आजको माग होइन । २-२ वर्ष हुनु पर्ने पार्टी महाधिवेशन आज छ वर्ष भई सक्यो बोलाउने मञ्जुर गरेको होइन । दुई वर्षकै बीचमा पनि एक तिहाई सदस्यहरूको प्रतिनिधित्व गर्ने कमिटीहरूले माग गर्दछन् भने केन्द्रीय कमिटीले पार्टी कांग्रेस बोलाउनु पर्ने पार्टी विधानको आदेश हो । यस आदेशको अबहेलना पार्टी केन्द्रका साथीहरूले गरे । यस बाहेक दर्भङ्गा प्लेनमले पनि एक रायले नौ महिनाभित्र अर्थात गत आश्विन महिनातिर नै पार्टी कांग्रेस बोलाउने निर्णय दिएको थियो । नौ महिना भएर पनि नबोलाउँदा पूर्व कोशी जोन, पश्चिम कोशी जोन, मध्यगण्डक जोन गरी तीन जनाले लिखित रूपमा पार्टी कांग्रेसको माग गरेको हो र उत्तर गण्डक जोनले पनि बारम्बार भेटेर नै माग गरेको हो । यी तमाम मागहरूलाई पार्टी केन्द्रले पन्छाएर नै आएको छ ।

## अन्तर जोन सामन्जस्य समिति तथा कांग्रेस संगठन समितिको गठन :

पार्टी काम बिल्कुल विकेन्द्रित भएर छिन्न भिन्न भएर गईराखेको थियो । यसै निम्ति पार्टीको काममा केन्द्रीयता ल्याउनु अति आवश्यक थियो । जहाँसम्म पार्टी केन्द्रको सवाल छ केन्द्रबाट पार्टी प्लेनममा के निर्णय भएको हो भन्ने एउटा सर्कुलरसम्म पनि दिने जिम्मेवारी पूरा गरिरहेको थिएन, उल्टै राजाको समर्थनमा पार्टीलाई भाँड्दै थियो । यस्तो स्थितिमा हाम्रो अगाडि एक जबजस्ति सवाल उठ्यो, “के गर्ने ?” पार्टी बिग्रेको बिग्रै गरी हेरेर बस्ने हो वा पार्टीलाई जसरी भए पनि बचाएर सक्रिय पार्ने हो भने पार्टीको पाँच वटै जोनको काममा सामन्जस्य ल्याउन एक सामन्जस्य कमिटीको जरुरत थियो । यस आवश्यकतालाई पूरा गर्न नै अन्तर जोन सामन्जस्य समिति बनेको हो ।

पार्टी बचाउने हो भने पार्टी कांग्रेस बोलाउने अनिवार्य थियो । पार्टी कांग्रेस नबोलाउने कुरामा पार्टी केन्द्रको राजावादी बहुमत अठोट छ । यहाँ पनि हाम्रो अगाडि एक धर्म संकट नै आई पर्‍यो । अब यसरी बिताएर पार्टी बर्बाद हुन दिने हो वा पार्टी कांग्रेस बोलाउने कुनै उपाय गर्ने ।

पार्टी केन्द्रको निष्क्रियतामा, पार्टी केन्द्रको पार्टी विरोधी नीति, राजावादी नीति, अनुशासनहीनता, जनवादी केन्द्रीयताको उल्लंघन र पार्टी प्लेनमको निर्णय उल्लंघन गर्दा गर्दै यस केन्द्रकै भरोसामा बस्नु पार्टीलाई निष्क्रिय गरी भताभुङ्ग पारी पार्टीलाई राजाको समर्थनमा लैजाने काममा हात बढाउनु हो । तसर्थ आज पार्टी जुन निष्क्रियता आएर भताभुङ्ग भएर गईराखेको छ, राजावादी भएर पार्टी जाँदैछ, पार्टी विधान तोडिँदैछ, पार्टीभित्र हुकुमशाही कारबाही बढ्दै छ त्यसको जिम्मेवारी पार्टी केन्द्रको राजावादी बहुमत मात्र नभई जसले देखादेखि यी कारबाही हेरिरहन्छ ती तमाम नेता र कार्यकर्ताहरू हुन आउँछन् । यसै जिम्मेवारीलाई महशुस गरी पार्टीको काममा सामन्जस्य ल्याउन, पार्टीलाई सजग र सक्रिय

बनाउन, पार्टी प्लेनमको निर्णय लागू गर्न र अनि छिटो भन्दा छिटो पार्टी कांग्रेस बोलाउन यस्तो अन्तर जोन कमिटी बनाउनु हाम्रो अधिकार मात्र होइन हाम्रो परम कर्तव्य र पार्टी जीवन बचाउनको निम्ति एक ऐतिहासिक आवश्यकता हुन आएको छ । अन्तर जोन सामन्जस्य कमिटी बनाएर पार्टीको काममा सामन्जस्य ल्याउन र छिटो भन्दा छिटो पार्टी कांग्रेस बोलाउनु सिवाय पार्टी बचाउने अर्को कुनै उपाय छैन । हामी चुप बस्दा पार्टीलाई बचाउने यसलाई सक्रिय पार्न किन कुनै कदम नउठाएको भनी हामीलाई सवाल गर्ने आम कार्यकर्ता साथीहरूको अधिकारको कुरो हो । जनताले पनि किन कम्युनिष्ट पार्टीले केही नगरी बसेको भनी सोध्नु स्वाभाविक हो । यसरी पार्टी साथीहरू प्रति हाम्रो एक जवाफदेही छ र पूरा पार्टीको जनताप्रति उस्तै जवाफदेही छ । यस जिम्मेवारी र जवाफदेहीलाई महशुस गरेर नै अन्तर जोन कमिटीको गठन भएको छ ।

यो अन्तर जोन कमिटी तीन जना पि.बि.एम.हरूको सल्लाहले गठन भएको छैन । पार्टीको काममा सामन्जस्य ल्याउनु पर्छ, प्लेनमको निर्णय अगाडि बढाउनु पर्छ, पार्टी कांग्रेस चाँडै बोलाउनु पर्छ भन्ने कुरोको महशुस तमाम विभिन्न जानेका जिम्मेवार साथीहरूले गर्न थालेको हो । यसैबीच पूर्व कोशीको तर्फबाट एक जना का. लाई सेक्रेटारियट सदस्यहरूसँग भेट गर्न काठमाडौं पठाइएको हो र पार्टी कांग्रेस बोलाउने पूर्व कोशी जानेको माग समेत वहाँकै हातमा दिई पठाएको हो । हामीलाई पार्टी सेक्रेटारियट सक्रिय भई पार्टीलाई सक्रिय बनाउँला र पार्टी कांग्रेस होला भन्ने आशा थियो तर सो काम्रेडको हातमा कुनै सन्तोषजनक उत्तर पठाइएन बरु पार्टी कांग्रेस २-३ वर्ष हुन सक्दैन र हाल राजालाई समर्थन गर्ने राष्ट्रिय सरकारको गठन हुने आदि बारेमा नै कुरा सुनिन थाल्यो ।

जब यस प्रयासको बाबजुत पार्टी केन्द्र सजग र सक्रिय हुने लक्षण देखिएन र साथै पार्टी कांग्रेस हुने पनि देखिएन उस्तै राजाको पक्षको कुराहरू सुनिन थाले अनि विभिन्न जोनका प्रतिनिधि साथीहरूको एक संयुक्त बैठक बस्ने निर्णय गर्न बाध्य भयो र एक संयुक्त बैठक पनि बसियो । यसै संयुक्त बैठकमा देशको स्थिति, पार्टीको जिम्मेवारी र आज पार्टी केन्द्रको रबैया आदि बारे छलफल गर्दा यदि पार्टी बचाउने हो, पार्टी सजग र सक्रिय बनाउने हो, पार्टी कांग्रेस बोलाउने हो र पार्टी कांग्रेससम्मका लागि पार्टी काममा सामन्जस्य ल्याउने हो भने एउटा यस्तो सामन्जस्य समितिको आवश्यकता छ भन्ने कुरोको महशुस गरियो र यस महशुस गर्दा नै त्यसै बैठकले एक अन्तर जोन सामन्जस्यका समितिको पनि गठन गरेको हो ।

जब केही गर्दा पनि पार्टी केन्द्रले पार्टी कांग्रेस बोलाउन मञ्जुर गरेन अनि पाँच वटै जोनको प्रतिनिधिहरूको संयुक्त बैठक बसी संयुक्त रूपले पाँच वटै जोनले माग गरेको हो र अनि यस पार्टी कांग्रेसलाई सफल पार्न अन्तर्राष्ट्रिय पार्टी नियमअनुसार जसले पार्टी कांग्रेसको माग गर्दछ, उसैले "कांग्रेस संगठन समिति" पनि गठन गर्दछ र यस पार्टी कांग्रेस संगठन समितिलाई पार्टी कांग्रेस विषय पार्टी केन्द्रले पाएमा तमाम अधिकार प्राप्त गर्दछ । यसै अधिकारअन्तर्गत विभिन्न जोनको संयुक्त बैठकले यस अन्तर जोन सामन्जस्य समितिले "कांग्रेस संगठन समिति" को रूपमा पनि काम गर्ने गरी यस समितिको गठन भएको हो ।

कामे्रडस्,

हाम्रो देश आज क्रान्तिकारी स्थितिबाट गुज्रिदैछ । देशमा प्रजातान्त्रिक व्यवस्था स्थापना गर्ने जिम्मेवारी हाम्रो अगाडि छ । खासगरी कम्युनिष्ट पार्टीको क्रान्तिकारी भूमिकाले नै देशमा स्वतन्त्र राष्ट्रिय प्रजातन्त्रको स्थापना पनि हुन सक्नेछ । यस जिम्मेवारीलाई निभाउने हो भने कम्युनिष्ट पार्टीले यस प्रजातान्त्रिक संघर्षमा सबैभन्दा अगाडि बढेर आफ्नो जिम्मेवारी निभाउनु परेको छ ।

यस जिम्मेवारीलाई महशुस गरी, अहिले हुन लागेको ऐतिहासिक भुललाई सुधार गरी हामीले सबैभन्दा अगाडि बढेर क्रान्तिकारी संघर्षलाई कुशल नेतृत्व दिएर सफल पार्नुछ र देशमा सच्चा प्रजातन्त्रको स्थापना गर्नुछ ।

यसै निम्ति कामे्रडस्, अब पनि पार्टी बिग्रेको हेरी रह्यौं र यसलाई ठीक पार्ने काम गरेनौं भने यो अपराधको भागी हामी सबै हुनु पर्नेछ । पार्टीलाई बचाउनु छ तर राजालाई समर्थन गरे पार्टी बच्ने छैन, क्रान्तिकारी संघर्षको दौरानमा नै पार्टी बच्ने छ र अझ विकास गरेर ठोस हुनेछ ।

पार्टीमा एकता ल्याउनु छ तर कायरता देखाएर पार्टी विरोधीहरूसँग मिलेर राजालाई समर्थन गरी राजाको अगाडि आत्मसमर्पण गरेर यो एकता आउने छैन यस्तो एकताले अझ पार्टीलाई दबाउने छ । मार्क्सवादी-लेनिनवादी सैद्धान्तिक एकता र जनवादी आन्दोलनद्वारा नै पार्टी एकता सुदृढ भएर आउने छ । पार्टीभित्र सैद्धान्तिक संघर्षलाई जारी राखेर नै पार्टी एकता सुदृढ हुनेछ । एकताको नाउँमा सिद्धान्त छाडेर कदापि पार्टी एकता ठोस हुन सक्ने छैन ।

पार्टी बचाउनको निम्ति, पार्टीमा सैद्धान्तिक एकता सुदृढ बनाउनको निम्ति पार्टीले प्रजातान्त्रिक आन्दोलनलाई कुशल नेतृत्व दिने योग्यता काहिल गर्नाको निम्ति पार्टीमा घुस्न लागेको कामजोरी र अपराधलाई हटाएर पार्टीलाई मार्क्सवादी-लेनिनवादी सिद्धान्तमा आधारित गराएर ठोस रूपले संगठित गर्नको निम्ति आज पार्टी महाधिवेशन सिवाय अर्को बाटो छैन ।

राजासँगको आफ्नो साँठगाँठ, देश र जनताप्रतिको गद्दारी तथा आफ्नो आत्मसमर्पणवादी नीति माथि पर्दा हाल्न हाम्रा राजावादी साथीहरू हामी माथि कांग्रेसको पैसा खायो, कांग्रेससँग मिल्यो भन्ने झूठा अफवाह फैलाउन लागेका छन् । जनकपुरबाट निकाल्ने राजाको साप्ताहिक अखबार "धनुष" मा श्री सवर्णको तुलसीलाललाई चिठी भनी का. शाहको तालमा महेन्द्र चौधरी नाच्दै एक मनगढन्त किर्तेको चिठी छपाएको छ र यी राजावादीहरू अनि आफैंले यस्तो चिठी छापेको छ भनी प्रचार गर्न लागेको छ । एकातिर यस्तो कुरा छाप्ने र प्रचार गर्ने अर्कोतिर पार्टी महाधिवेशन नगराउनु षड्यन्त्र होइन भने अरू के हो ? हामीबाट गल्ति भएको छ भने पार्टी महाधिवेशन बोलाएर त्यही

महाधिवेशनमा तमाम कुरोको छानबिन गरी ठहरेमा हामीलाई पनि कारबाही गर्न सक्दछ । आखिर पार्टी महाधिवेशनको किन विरोध गरिन्छ ? तमाम कुराहरूको छानबिन गर्ने काम किन हुँदैन ? पार्टी महाधिवेशन भएमा ।

कामेडस्,

हाम्रो अरू पनि धरै कमजोरीहरू हुन सक्दछन् । तर पार्टी जोगाउनु सबैको कर्तव्य हो । हामीमा देखिएको कमजोरीहरूलाई पनि हटाउनु जरुरी नै छ र यी तमाम कमजोरीहरू साथीहरूको सहयोगले नै हटाउन सकिने छ । पार्टी एकै चोटी बन्दैन पनि, लामो संघर्षको पछि नै पार्टीले एक स्वस्थ क्रान्तिकारी रूप लिन सक्नेछ । यसैले एक स्वस्थ क्रान्तिकारी पार्टी बनाउनको निम्ति तमाम कमजोरीहरूलाई छानबिन गरी हटाउने उद्देश्यले पनि हामीले पार्टी कांग्रेसलाई सफल पार्नु आवश्यक परेको छ । मार्क्सवादी-लेनिनवादी प्रति बफादार भएर पार्टीले राष्ट्रिय संकटको बेला आफ्नो ऐतिहासिक भूमिका खेल्न परेको छ र यस ऐतिहासिक जिम्मेवारीलाई पूरा गर्न पार्टीलाई एक मित्रमण्डल, अथवा पारिवारिक गुट नबनाई सबैले एक दोश्रोको कमजोरी र गल्तिलाई पक्रेर निष्पक्ष भावले पार्टीलाई ठोस पारौं र आफ्नो देशमा प्रजातन्त्रको स्थापना गर्नको साथसाथै स्वतन्त्र राष्ट्रिय प्रजातन्त्रको स्थापना गर्न अगाडि बढौं ।

२०१८ फागुण २५

**क्रान्तिकारी अभिनन्दनको साथै**

**अन्तर-जोन-सामन्जस्य समिति**

## प्रकाशकीय

राणा शासन विरोधी आन्दोलनदेखि जीवनभर प्रजातान्त्रिक आन्दोलनमा समर्पित योद्धा, नेपालको कम्युनिष्ट आन्दोलनका जनप्रिय नेता तथा नेपाल कम्युनिष्ट पार्टीको तेश्रो महाधिवेशनद्वारा निर्वाचित महासचिव क. तुल्सीलाल अमात्य नेपाली सर्वहारा वर्गका एक शिखर पुरुष हुनुहुन्छ । वहाँलाई नेपाली जनताले विद्वान अर्थशास्त्रीको रूपमा, अविश्रान्त राजनेताको रूपमा, सिद्धहस्त लेखक तथा कूटनीतिज्ञको रूपमा र लोकप्रिय किसान नेताको रूपमा पनि चिन्ने गेरको छ । साधा जीवन उच्च बिचार र कठोर परिश्रमका धनी क. तुल्सीलाल २०४६ सालको संयुक्त जनआन्दोलनका बेला गठित संयुक्त वाममोर्चाका मानार्थ अध्यक्ष हुनुहन्थ्यो । वहाँ जनआन्दोलनको पहिलो दिन नै संघर्षको मैदानबाट कम्युनिष्ट पार्टीको हँसिया हथौडा अंकित झण्डा प्रदर्शन गरी निरंकुश पञ्चायती व्यवस्था - मुर्दावाद र प्रजातन्त्र - जिन्दावादको नारा लगाउने बित्तिकै गिरफ्तारीमा पर्नु भई जनआन्दोलनको सफलतापछि मात्र रिहा हुनु भएको थियो । नेपालको विभाजित कम्युनिष्ट आन्दोलनलाई एकीकृत नगरी कम्युनिष्ट आन्दोलन सफल नहुने मान्यता क. तुल्सीलाल अमात्य आफ्नो जीवनको अन्तिम कालमा नेपाल कम्युनिष्ट पार्टी एकीकृत मार्क्सवादी-लेनिनवादीको स्थायी समिति सदस्य हुनुहुन्थ्यो ।

नेपालको प्रजातान्त्रिक तथा कम्युनिष्ट आन्दोलनमा लगभग ५७ वर्ष बिताउनु भएका क. तुल्सीलाल अमात्यले २०१७ सालको फौजी काण्डको तीब्र विरोध गर्नुका साथै पार्टीभित्र राजाको सत्ता हत्याउने खेललाई प्रगतिशील देख्ने माझीपन्थी अवसरवादीविरुद्ध वैचारिक संघर्षको नेतृत्व गर्नुभएको थियो । राजाले संसदीय व्यवस्थालाई खारेज गरी निर्वाचित संसद् भङ्ग गरे पश्चात वहाँले सार्वभौम सत्ता सम्पन्न संसद्को स्थापना गरी सम्पूर्ण शक्ति राजाबाट जनतामा हस्तान्तरण गर्नुपर्ने राजनीतिको वकालत गर्नु भएको थियो । साम्राज्यवादको विरुद्धमा... र सामन्तहरूको विरुद्धमा प्रजातन्त्रको लागि जीवनभर संघर्षरत रहँदै वहाँले हाम्रो जस्तो देशमा सामन्तवाद र साम्राज्यवाद विरोधी राष्ट्रिय प्रजातान्त्रिक क्रान्ति गर्नुपर्ने कुरामा जोड दिनुभएको थियो । त्यसको लागि राजाको हुकुमी शासनभन्दा संसदीय प्रजातन्त्र भएमा सहज हुने हुँदा वहाँले त्यतिबेला "राष्ट्रिय प्रजातन्त्र वा जनवादी प्रजातन्त्र" को स्थापना गर्नुछ भने संसदीय प्रजातान्त्रिक व्यवस्थालाई नै खत्तम पारी होइन बरु यसको तमाम कमजोरीहरूलाई हटाएर संसदीय प्रजातन्त्रलाई अज विकसित गरी ज्यादा भन्दा ज्यादा क्रान्तिकारी वर्गहरूको प्रतिनिधित्व गराउनु नै राष्ट्रिय प्रजातन्त्रको लक्ष्य पूरा हुन सक्नेछ भन्ने कुरा बताउनु भयो । यसरी वहाँ संसदीय प्रजातन्त्रलाई जनवादी राष्ट्रिय प्रजातन्त्र प्राप्त गर्ने साधनको रूपमा प्रयोग गर्न चाहनु हुन्थ्यो भन्ने कुरा प्रष्ट छ ।

अहिले देशमा चारैतिर संकटको कालो बादल मडारी रहेको बेला वहाँको बिचारले "चाँदीको घेरा" को रूपमा काम गर्न सक्ने कुरा निश्चित छ । त्यही कुरालाई दृष्टिगत गरी पार्टीभित्र माझीपन्थी अवसरवादीहरूको विरुद्ध वैचारिक संघर्ष गर्ने क्रममा क. तुल्सीलाल अमात्य पार्टीको प्रमुख नेताको रूपमा स्थापित भईसकेपछि वहाँले अन्तर जोन सामन्जस्य समितिको तर्फबाट "तमाम पार्टी कार्यकर्ताहरूमा नेपाल कम्युनिष्ट पार्टीको अपील"

शीर्षकमा निकाल्नु भएको पुस्तिका वहाँको पाँचौं स्मृति दिवसको उपलक्ष्य पारेर हामीले प्रकाशित गरेका छौं । यसबाट नेपालको प्रजातान्त्रिक तथा कम्युनिष्ट आन्दोलनको इतिहास अध्ययन गर्न चाहने व्यक्तिहरू लाभान्वित हुने कुरामा हामी विश्वस्त छौं ।

यस पुस्तिका तयार गर्ने क्रममा शुद्धा-शुद्धी सकभर हेरिएको छ केही कमी भएमा अर्को प्रकाशनमा सच्याउने प्रण गर्दछौं । यस पुस्तिका छाप्नको लागि मूलप्रति उपलब्ध गराई दिने पुष्पलाल स्मृति प्रतिष्ठानलगायत विभिन्न स्थानमा रही सहयोग गर्नु हुने सम्पूर्ण महानुभावहरूलाई हामी हार्दिक आभार प्रकट गर्दछौं ।

धन्यबाद !

**मिति २०५९।४।१९**

**प्रकाशन**
**तुल्सीलाल स्मृति प्रतिष्ठान**
**स्वंठ नारायणस्थान, ललितपुर ।**